जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक १२० • २०८१ साल भाद्र ३१ गते सोमबार (16 September, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जउवा संघको अध्यक्षमा भण्डारी

# समावेशी नेतृत्व, वरिष्ठ उपाध्यक्षमा फराकिलो मतान्तर

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघको अध्यक्ष पदमा सुरेन्द्र भण्डारी निर्वाचित भएका छन् । उनले आफ्ना निकटतम् प्रतिद्वन्दी मनिष रमण साहलाई ७२ मतले पराजित गर्दै १ हजार ६ सय ४४ मत ल्याएर जित हासिल गरेका छन् । उनका प्रतिद्वन्दी मनिषले १ हजार ५ सय ७२ मत पाएका छन् । तेस्रो उम्मेदवार जितेन्द्र प्रसाद साहले २ सय ९३ मत प्राप्त गरेका छन् । अध्यक्षमा ६३ वटा मत बदर भएको निर्वाचन समितिका संयोजक ललितकुमार साहले जनाएका छन् ।

गत चुनावमा मनिषले वरिष्ठ उपाध्यक्षमा भण्डारीलाई पराजित गरेका थिए ।

संघको वरिष्ठ उपाध्यक्षमा मनोज साह आफ्ना प्रतिद्वन्दी अम्भुप्रसाद साहसँग ६ सय ८५ मतान्तरले विजयी भएका छन् । उनले १ हजार ८ सय ११ मत ल्याएर जित हात पार्दा उनका प्रतिद्वन्दी अम्भु प्रसाद साहले १ हजार १ सय २६ र विकास कुमार चौधरीले ५ सय ५० मतमा चित्त बुझाए ।

त्यस्तै उपाध्यक्ष पदमा भने लक्ष्मण साह यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् ।



महिला उपाध्यक्षमा रिंकु शाह १ हजार ६ सय ७२ मत ल्याई विजयी भएकी छन् । उनका प्रतिस्पर्धी माया साहले १ हजार १ सय ४४ र सरिता ठाकुरले ६ सय ५५ मत पाएकी छन् ।

त्यस्तै महासचिवमा फुलदेव पण्डितले १ हजार ५ सय ८३ मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम् प्रतिद्वन्दी सुधिर पजियारले ७ सय ८९ मत ल्याए । अशोक चौधरीले ६ सय १९ र गणेश कुमार साहले ५ सय ५ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।

त्यस्तै सचिव पदमा नरेन्द्र विक्रम साह (निरज)ले १ हजार ३ सय ९६ मत ल्याई विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्दी गोपी कुमार साहले ९ सय ४१ मत प्राप्त गरे ।

त्यस्तै कोषाध्यक्ष पदमा भने परमेश्वर साहले १ हजार ४ सय ४३ मत ल्याई निर्वाचित भएका छन् । उनका निकटतम् प्रतिद्वन्दी मनोज कुमार शर्माले ९ सय ४८ मत प्राप्त गरे ।

संघको सम्बद्ध सदस्यमा रेडिमेड संघका अभय मुरारका निर्वाचित भएका छन् । रेडिमेड, सुनचाँदी र पोल्ट्रिफर्म गरी तीन वस्तुगत मतदाता रहेको सो सदस्यका लागि रेडिमेडबाट मुरारका र एकजना सुनचाँदीबाट दुईजना उम्मेदवार थिए । पोल्ट्रिफर्मले रेडिमेडलाई मत दिएपछि मुरारका विजयी भएका हुन् ।

एसोसिएट सदस्यमा अभिषेक कुमार चौधरीले १ सय २५ मत प्राप्त गरी निर्वाचित भएका छन् । उनका एकमात्र प्रतिद्वन्दी दिपक साहले ६० मत पाए ।

जनकपुरधाम उद्योग वाणिज्य संघमा जम्मा ४ हजार ७६ मतदाता थिए । शनिबार भएको मतदानमा ३ हजार ५ सय ७४ मत खसेको थियो । सदस्यहरुको परिणाम सोमबार बिहानसम्म आउने बताइएको छ ।

निर्वाचित पदाधिकारीहरुमा अध्यक्षमा भण्डारी(माली), वरिष्ठ उपाध्यक्ष साह(सुडी), उपाध्यक्ष लक्ष्मण साह (तेली), महासचिव फुलदेव पण्डित (कुम्हार), सचिव साह (कलवार) र कोषाध्यक्ष साह (तेली) रहेका छन् । एसोसिएट र वस्तुगत सदस्यमा मारवाडी निर्वाचित भएका छन् ।

अध्यक्ष निर्वाचित भण्डारी नेकपा एमालेका जनकपुरधाम उपमहानगरपालिकाको अध्यक्ष पनि हुन् । उनी बाहेक अन्य पदाधिकारीहरु नेपाली कांग्रेस प्यानलबाट निर्वाचित भएका हुन् ।









जनकपुर टुडे

२०८१ साल भाद्र ३१ गते सोमबार (16 September, Monday, 2024)

# ‘संविधानको कार्यान्वयन र प्राप्त उपलब्धिको रक्षा गर्नु सबैको दायित्व’

काठमाण्डु । नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले परिवर्तनका लागि निरन्तर लडेका पक्ष संविधानको रथार्थ दह्रिलो ढङ्गबाट उभिनुपर्नेमा जोड दिनुभएको छ। राष्ट्रियसभाको आइतबारको बैठकको विशेष समयमा उहाँले संविधानको सफल कार्यान्वयनसँगै जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्नु सबैको दायित्व भएको बताउनुभयो।

“यो संविधानका सबै धारामा सहिदको आवाज, राष्ट्रियताको प्रवाह, नेपालको सुन्दर भविश्यको प्रतिबिम्ब र सङ्घर्षको गीत छ”, सांसद श्रेष्ठले भन्नुभयो, “संविधानले प्रभावकारी रुपमा काम गर्न सक्यो कि सकेन, सकेका छैनन् भने के-के कमीकमजोरी भए, भोलिका दिनमा त्यसलाई कसरी सच्याएर अघि बढ्ने भन्ने विषयमा गम्भीर भएर सोच्नुपर्छ।”

**जनताको युद्धलाई ‘हिंसा’ भन्न पाइँदैनः सांसद विश्वकर्मा**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद विष्णुबहादुर विश्वकर्माले व्यवस्था परिवर्तनका लागि जनताका साथमा माओवादीले सुरुआत गरेको जनयुद्धलाई ‘हिंसा’ भनेर अपमानित गर्न नहुने बताउनुभयो । “यदि माओवादी जनयुद्ध ‘हिंसा’ थियो भने सरकारले किन वार्ता गर्‍यो, किन राजनीतिक दलहरुले गणतन्त्रको पक्षमा माओवादीसँग सहकार्य गरे ?”, उहाँले प्रश्न गर्नुभयो, “माओवादी आन्दोलन हिंसा थिएन, जनयुद्ध थियो, जसले व्यवस्था परिवर्तनका लागि लड्यो ।”सांसद विश्वकर्माले जनताका माग तत्कालीन सरकारले सम्बोधन नगर्दा जनविद्रोहको अवस्था पैदा भएको दाबी गर्नुभयो।



**‘एग्रिकल्चर सेन्टर अफ एक्सिलेन्स’स्थापनाको माग**

मनोनित सांसद अन्जान शाक्यले कृषिको आधुनिकीकरणबाट लाखौँ रोजगारी सिर्जना गर्न सकिने बताउनुभयो। “मुलुकको समृद्धिका प्रमुख क्षेत्रका रुपमा कृषि क्षेत्र छ। कृषिको विकास र विस्तार गर्ने हो भने लाखौँ सङ्ख्यामा युवा, किसान, वैज्ञानिक, उद्यमीलगायतले काम गर्ने अवसर पाउनेछन् । यसका लागि कृषिमा आधुनिकीकरण गर्न आवश्यक छ”, उहाँले भन्नुभयो।

उहाँले कृषिमा क्रान्ति ल्याउन सरकार, नागरिक र विज्ञ एकजुट हुनुपर्नेमा जोड दिँदै यसबाट कृषि क्षेत्रलाई उच्च विकसित उद्योगका रुपमा विकास गर्न सकिने दाबी गर्नुभयो। नेपाललाई आर्थिक रुपमा समृद्ध बनाउन परम्परागत कृषिलाई आधुनिकीकरण गर्न ‘एग्रिकल्चर सेन्टर अफ एक्सिलेन्स’स्थापना गर्न अत्यावश्यक रहेको उहाँको सुझाव थियो।

**द्वन्द्वलाई नकोट्याऔँ, न्याय र परिपुरणमा ध्यान दिऔँ : सांसद गैरे**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रलक्ष्मी गैरेले चाडपर्वका समयमा उपभोक्ता ठगीमा पर्ने सम्भावना बढ्ने जनाउँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। “मूल्य नियन्त्रण, दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति, गुणस्तरको प्रत्याभूतिलगायत विषयमा सरकारको ध्यान जानुपर्छ”, उहाँले भन्नुभयो।

प्रमुख राजमार्गमा बढ्दो सडक दुर्घटनाबाट आमनागरिक त्रसित बनिरहेको उल्लेख गर्दै सांसद गैरेले सडक सुरक्षाको प्रत्याभूति दिलाउन माग गर्नुभयो । व्यवस्था परिवर्तनका लागि मुलुकमा सशस्त्र द्वन्द्व भएको जनाउँदै उहाँले द्वन्द्व समाधानका दिशामा अघि बढिरहेका अवस्थामा पुराना घाउलाई कोट्याउने भन्दा पनि पीडितलाई न्याय र परिपुरण दिनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो।

**मधेसको विकासमा विशेष योजना ल्याउन आग्रह**

जनता समाजवादी पार्टी नेपालका सांसद मृगेन्द्रकुमार सिंह यादवले हुलाकी राजमार्गलाई पूर्णता दिनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । सप्तरीको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बजेट अभावका सेवा प्रवाह हुन नसकेकातर्फ सरकारको ध्यानाकृष्ट गराउँदै उहाँले तराई/मधेसका क्षेत्रको विकासमा विशेष योजना ल्याउन माग गर्नुभयो।

**‘हवाईसम्बन्धी विधेयक छिट्टै ल्याउनुपर्नेमा जोड’**

राष्ट्रयसभाको आइतबारको बैठकमा सांसद तलुसाकुमारी दाहालले हवाई व्यवस्थापन गर्न बन्न लागेका ‘नेपाल हवाई सेवा प्राधिकरण, २०७६’ र ‘नेपाल नागरिक उड्डयन विधेयक, २०७६’ यथाशीघ्र ल्याउनुपर्नेमा जोड दिनुभएको छ।

आइतबारको बैठकको शून्य समयमा सांसद दाहालले राष्ट्रियसभाले २०७८ साउन १८ गते छलफल गरी प्रतिनिधिसभामा उक्त दुई विधेयक पठाएको जानकारी गराउँदै प्रतिनिधिसभाको अघिल्लो समयावधि सकिएकाले ती विधेयक शून्यमा गएको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

नेपालमा हालसम्म ७१ पटक हवाई दुर्घटना भएको जानकारी दिँदै हवाईसम्बन्धी महत्वपूर्ण मानिएका दुई विधेयक यथाशीघ्र ल्याएर कार्यान्वयन गर्नुपर्ने सांसद दाहालले उल्लेख गर्नुभयो। “यी दुई विधेयकमाथि कहिले छलफल हुन्छ र कार्यान्वयनमा आउँछ?”, उहाँले प्रश्न गर्नुभयो। सांसद गङ्गाकुमारी बेल्बासेले उपसभामुख इन्दिरा रानाले माफी मागिसकेको अवस्थामा उक्त विषयमा फेरि सदनमा उठाउनु गलत रहेको धारणा राख्नुभयो।

सांसद गोपिबहादुर सार्की अछामीले महाप्रबन्धक नहुँदा उदयपुर सिमेन्ट कारखाना सञ्चालनमा समस्या आएको भन्दै पूर्वाञ्चल विश्वविद्यालयमा तीन सय शय्याको अस्पताल र मेडिकल सञ्चालन गर्न अनुपतिपत्र दिनुपर्ने विषयमा सरकार समक्ष निवेदन गर्नुभयो। सांसद मायाप्रसाद शर्माले मध्यपहाडी लोकमार्गअन्तर्गत जाजरकोट खण्ड र चौभारी खण्डको पुल मर्मत गर्न सरकारलाई ध्यानाकर्षण गराउनुभयो।

सांसद सुमित्रा विसीले तरकारी र फलफूलमा विषादी प्रयोग भइरहेकाले जनस्वास्थ्यमा असर परेको विषयमा कृषि मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै समस्या समाधानको पहल गर्न आग्रह गर्नुभयो। रासस

# ‘मोहम्मद डे’ले मुस्लिम बस्तीमा चहलपहल

महोत्तरी। इस्लाम धर्म प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिन मनाउन महोत्तरीका गाउँनगर बस्तीमा चहलपहल बढेको छ। ‘मोहम्मद डे’ भनिने पर्व नेपालमा भदौ ३१ गते मनाइँदैछ।

धर्म प्रवर्तक हजरत मोहम्मद पैगम्बर सल्लाह अलै वसल्लामको इस्लामिक पात्रो हिजरी सम्वत् परम्पराको रवि उल अव्वल महिनाको १२ तारिखका दिन जन्म भएको मानिन्छ। यसअनुसार यसपाली सो दिन भोलि सोमबारपर्ने हुँदा यहाँका मुस्लिम बस्ती पर्वको चहलपहलमा छन्। यसपालि हजरत मोहम्मद पैगम्बरको १४९९औँ जन्मजयन्ती मनाइँदैछ।

इस्लाम परम्परामा ‘मोहम्मद डे’ महत्वपूर्ण मानिन्छ। इस्लाम (मुस्लिम) धर्मावलम्बी यो पर्व साताव्यापी मनाउँछन्। महोत्तरीका मुस्लिम धर्मावलम्बी बसोबास बाहुल्यताका बस्तीमा अहिले बस्ती सरसफाइ, रङरोगन र जताततै झिलिमिली बत्ती जडान गरिएका छन्। जिल्लाका १५ वटै (सबै) स्थानीयतहमा धेरैथोरै बसोबास भए पनि जलेश्वर, सम्सी, लोहारपट्टी, भङ्गाहा, मटिहानी र रामगोपालपुरका अधिकांस बस्ती मुस्लिम बसोबास बाहुल्यताका छन्। यी बस्तीमा ‘मोहम्मद डे’ पर्वको अहिले खास उल्लास देखिँदो छ।

पर्वको मुख्य दिन भोलि बस्तीबस्तीमा इस्लाम धर्मावलम्बीले सद्भाव र्‍यालीको आयोजना गर्दैछन्। सबैप्रति उच्च सम्मान, आपसी एकता, परोपकार र अहिंसा यस पर्वको मुख्य सन्देश हुने भङ्गाहा-८ का वडाध्यक्ष मोहम्मद शरीफ राइन बताउनुहुन्छ। पर्वमा एकाबिहानै नुहाएर विशेष नमाज (प्रार्थना) गरेपछि इस्लाम धर्मावलम्बी अल्लाह (ईश्वर) को पुकारा गर्दै हजरत मोहम्मद पैगम्बरका उपदेश सुन्छन्। ईद मिलाद नवी पनि भनिने यो पर्वमा कुरान सुन्ने, सामूहिक भोज खाने र आपसमा पर्वको शुभकामना साटासाट गर्ने चलन छ।



पर्वमा मिष्टान्न परिकार खाने खुवाउने चलन छ। यो पर्वले सबैप्रति रहम (करुणा) गर्न र संसारभरिका मानवजातिसम्म हजरत मोहम्मद पैगम्बरको शुभ सन्देश पुर्‍याउँदै धार्मिक सद्भावका लागि अपिल गरिनु मुख्यपक्ष भएका भङगाहा-४ का बासिन्दा कुरानका अध्येता ८५ वर्षीय हाजी बिहारी अन्सारी बताउनुहुन्छ। ‘मोहम्मद डे’ पर्वका लागि मधेस प्रदेश सरकारले भोलि सोमबार सार्वजनिक बिदा दिएको छ।रासस

# बालबालिकाको अवैध ओसारपसार कायमै

काठमाण्डु। गरिब, अशिक्षा र आधारभूत सेवासुविधाको अभावमा कर्णाली प्रदेशका हिमाली जिल्लाबाट अहिले पनि सयौँको संख्यामा बालबालिकाको ओसारपसार हुने गरेकाले त्यसलाई नियन्त्रण गर्न तीनै तहका सरकारहरु गम्भीर हुनुपर्नेमा जोड दिइएको छ। ६० औँ बाल दिवसको अवसरमा आधार विकास नेपाल र हिमाली नवीन समाजद्वारा यहाँ आयोजित नेपालमा संस्थागत हेरचाहमा हुने बालबालिकाको ओसारपसार विषयक गोष्ठीका सहभागी वक्ताहरुले सो धारणा राख्नुभएको हो।

नेपालमा संस्थागत हेरचाहसँग जोडिएर हुने बालबालिकाको बेचबिखन तथा ओसार पसारको नियन्त्रण तथा रोकथाम र कानूनी व्यवस्था नभएकाले देशका दुर्गम जिल्लाहरुबाट विभिन्न बहानामा वर्षेनी सयौंको सङ्ख्यामा बालबालिकाहरु आफ्ना परिवार समाजबाट बिछोडिनुपरेको छ। यसले ती बालबालिकाको अभिभावकसँग बिताउन पाउने नैसर्गिक अधिकारबाट बञ्चित हुनुको साथै उनीहरुले शारिरीक, मानसिक यातना सहनु परेकाले यसतर्फ ध्यान दिनुपर्ने वक्ताहरुको भनाइ छ।

सो अवसरमा कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री एवं नेपाली कांग्रेसका नेता जीवनबहादुर शाहीले कर्णाली प्रदेश जडीबुटी र खाद्यान्न उत्पादनको अपार सम्भावना रहेपनि त्यसको उपयोग गर्न नसक्दा गरिबीको अवस्था देखिएको उल्लेख गर्दै सामाजिक सोच र व्यवहारले पनि कर्णाली उपेक्षामा परेको बताउनुभयो। उहाँले विगतमा धनीका छोराछोरी बालमन्दिरहरुमा राखिने गरेपनि अहिले विपन्न र अशिक्षित परिवारका बालबालिकालाई विभिन्न प्रलोभनमा पारी राख्ने गरिएको र त्यहाँ रहेका बालबालिकाको शैक्षिक, स्वास्थ्य अवस्था राम्रो नभएकाले उनीहरुलाई परिवारमै बस्ने वातावरण(ा बनाउनुपर्नेमा जोड दिनुभयो।




आधार नेपालका देशीय प्रतिनिधि प्रल्हाद ढकालले केही बालबालिकालाई उनीहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सुविधा दिने नाममा सहरमा ल्याउनुभन्दा जिल्लामै त्यो अवसर दिन सकिएमा परिवार, समाज र संस्कृतिसँगको सम्बन्धबाट उनीहरु विमुख हुन नपर्ने बताउनुभयो। हिमाली नवीन समाजकबा कार्यकारी निर्देशक धनबहादुर लामाले देशका अधिकांश बालगृहहरु राज्यको मापदण्डअनुसार नरहेको उललेख गर्दै ती बाल गृहहरुमा राखिएका बालबालिका थुप्रै समस्याहरुबाट पीडित रहेकाले उनीहरुलाई परिवारमै पुनस्थापित गर्न संस्थाले पहल गरिरहेको उल्लेख गर्नुभयो।

सो अवसरमा राष्ट्रिय बालअधिकार परिषदका कार्यक्रम प्रबन्धक नमूना भुसाल, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता गौतम मिश्र, कानुन व्यवसायी डा शिव पौडेल र आधार नेपालका प्रज्ञा लम्सालले बालबालिकासम्बन्धी विद्यमान कानुन, वालगृहको अवस्था र राज्यले अवलम्बन गर्नुपर्ने नीतिका बारेमा प्रस्तुतीकरण दिनुभएको थियो। रासस

# प्रहरीका दुवै सङ्गठनलाई ऊर्जाशिल र थप व्यावसायिक बनाउन प्रयत्नशिल छौं: गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई ऊर्जाशील र थप व्यावसायिक बनाउन आफू प्रयत्नशील रहेको बताउनुभएको छ।

आइतबार बिहान राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानमा आयोजित सि.स. १६ (क) सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिमको दीक्षान्त समारोहमा गृहमन्त्री लेखकले सुरक्षा निकायलाई समय अनकूल थप सुदृढ तथा सबल बनाउन विद्यमान ऐन, कानुन परिमार्जन गर्न विधेयक अघि बढाइएको बताउनुभयो । नेपाल प्रहरी र सशस्त्र प्रहरीको नयाँ कानुन निर्माणका लागि विधेयक अघि बढाइएको जानकारी दिँदै गृहमन्त्री लेखकले राज्य र जनताको सेवा तथा सुरक्षाका निम्ती सीमा सुरक्षा, मुलुकको आन्तरिक सुरक्षा व्यवस्थापन, राजस्व चुहावट नियन्त्रणलगायतका क्षेत्रमा पुर्‍याएको योगदानका कारण सरकारको भरोसाको केन्द्रका रुपमा सुरक्षा निकाय रहेको बताउनुभयो।



“स्थापनाकालदेखि नै अत्यन्तै कुशलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गरी राष्ट्रिय सुरक्षामा गर्विलो उपस्थिती कायम सशस्त्र प्रहरी सङ्गठनले गरेको छ”, उहाँले भन्नुभयो, “जिम्मेवारी सम्पादन गर्ने सिलसिलामा प्रदर्शन गरेको उच्च कार्यक्षमताका कारण नागरिकको अभिन्न सहयोगी सङ्गठन बनेको छ ।”परिवर्तित राजनीतिक, सामाजिक, आर्थिक तथा सुरक्षा वातावरण अनुसार मुलुकमा शान्ति सुरक्षा कायम राख्ने कार्य अत्यन्त जटिल एवं चुनौतीपूर्ण रहेको बताउँदै लेखकले त्यसका लागि राज्यले व्यावसायिक तथा दक्ष जनशक्तिसहितको सुरक्षा निकायहरुको प्रबन्ध गरेको बताउनुभयो।

सशस्त्र प्रहरीले आफ्नो जनशक्तिलाई पेशागत रुपमा दक्ष एवं क्षमतावान बनाई राज्यप्रदत्त जिम्मेवारी त्रुटिरहित ढङ्गबाट सम्पादन गर्न सक्ने बनाउन विभिन्न किसिमका आधारभुत तथा उन्नत तालिमहरु सञ्चालन गरिरहेको बताउनुभयो ।“यस्ता तालिमका लागि आवश्यक पूर्वाधार व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि सरकारको पूर्ण साथ एवं सहयोग छ। यसको निरन्तरता हुनेमा समेत आश्वस्त पार्न चाहन्छु”, उहाँले भन्नुभयो, “सशस्त्र प्रहरी बलको नेतृत्व र सम्पूर्ण सशस्त्र प्रहरी राष्ट्रसेवकहरु आफ्नो व्यक्तिगत स्वार्थलाई थाती राखेर शान्ति सुरक्षाका क्षेत्रमा नवीन योजना लागू गर्दै अघि बढिरहेको महसुस छ।”

उहाँले देश विकासको पूर्व सर्त भनेकै शान्ति सुरक्षा कायम हुनु रहेको उल्लेख गर्दै सबै सुरक्षा निकाय तथा आम नागरिकहरुसँगको सहकार्य र समन्वयबाट मात्रै शान्ति सुव्यवस्था कायम सम्भव भएको बताउनुभयो। त्यस अवसरमा दीक्षित सशस्त्र प्रहरी सहायक निरीक्षहरुलाई अनुशासित, मेहनती एवं लगनशील भएर राष्ट्रसेवामा समर्पित हुन मन्त्री लेखकले निर्देशन दिनुभयो।

समारोहबाट ६८ जना सशस्त्र प्रहरी सहायक निरीक्षक दीक्षित हुनुभएको थियो । समारोहमा गृहमन्त्री लेखकसँगै गृहसचिव गोर्कणमणि दुवाडी, सशस्त्र प्रहरी बलका प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक वसन्त बहादुर कुवँरलगायतको सहभागिता थियो ।रासस

# पेट्रोल र डिजेलको मूल्य घट्यो

**टुडे समाचारदाता**

काठमाण्डु। पेट्रोल र डिजेलको मूल्य घटेको छ। नेपाल आयल निगमले राति १२ बजेदेखि लागु हुनेगरी पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ र डिजेलमा प्रतिलिटर ५ रुपैयाँ मूल्य घटाएको छ।

नयाँ मूल्य अनुसार काठमाण्डु उपत्यकामा पेट्रोलको मूल्य १५९ रुपैयाँ पर्नेछ। डिजेल र मट्टितेलमा १४९ रुपैयाँ मूल्य निर्धारण गरिएको छ। सो मूल्य तेस्रो वर्ग अन्तर्गत पर्ने पोखरा र दिपायलमा समेत लागु हुनेछ।




त्यस्तै दोस्रो वर्ग अन्तर्गत दाङ र सुर्खेतमा क्रमशः १५८ रुपैयाँ र १४८ रुपैयाँ तथा बाँकी पहिलो वर्ग अन्तर्गतका क्षेत्रहरूमा १५६.५ रुपैयाँ र १४६.५ रुपैयाँ मूल्य निर्धारण गरिएको निगमले जनाएको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको मिल्स एरियामा हरेक वर्ष भव्यरुपमा मनाइने **इन्द्र पुजाका** लागि जल भरेर नगर परिक्रमा गर्दै श्रद्धालु महिलाहरु । *तस्विर : टुडे*

# उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिन घरजग्गा व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले उत्पादन र उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिन घरजग्गा व्यवसायीलाई आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार नेपाल जग्गा तथा आवास विकास महासङ्घको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले अर्थतन्त्रलाई चलायमान बनाउन निर्यात गर्न सकिने गरी उत्पादनमूलक काममा लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले बसोबासका लागि आवश्यक हुने घरजग्गाको कारोबार नियमित रुपमा हुने भए पनि धेरै लगानी गरेर लामो सयम खाली हुने 'अपार्टमेन्ट'हरु सहरमा देखिने स्थिति हुँदा त्यसले तत्काल प्रतिफल नदिने स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री ओलीले यस व्यवसायलाई व्यवस्थित बनाउन र जनताको विकाससँग जोडिएका विषयमा कानुनी एवं आवश्यक सुधारका लागि सरकारले पहल गर्ने विश्वास दिलाउनुभयो ।सो अवसरमा महासङ्घका अध्यक्ष भेषराज लोहनी नेतृत्वको टोलीले व्यवस्थित एवं वैज्ञानिक सहरीकरण विकास गर्न, काठमाडौं महानगरपालिकाबाट सूचना गरिएको नदी किनाराबाट थप २० मिटरको मापदण्ड कार्यान्वयन हुन नहुने, निजी क्षेत्रको सहकार्यमा जग्गा विकास कार्यक्रम ल्याउनुपर्ने, सहरी विधेयक ल्याउनुपर्ने, घरजग्गा कारोबारलाई 'डिजिटलाइज्ड' गर्नुपर्नेलगायत माग प्रधानमन्त्री ओली समक्ष राखेको थियो ।रासस

# नगराईन बचत तथा ऋण सहकारी संस्थाको चौथो वार्षिक साधारणसभा सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । सानै समयमा नाम कमाउन सफल नगराईन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले चौथौ वार्षिक साधारणसभा मनाएको छ ।

गउ गाउ सहकारी घर घर रोजगारी भन्ने नारालाई आत्मसात गर्दै संचालनमा ल्याएको सहकारी संस्थाको अहिले सम्म ९ सय ६२ शेयर सदस्य रहेको छ । ६ करोडको जम्मा सम्पती बनाउन सफल भएको संस्थाले वैदेशिक रोजगारी देखि लिएर,व्यापार,कृषि र पशुपालनमा ऋृण लगानी गरेको छ ।

जहा एकातिर सहकारी मुलुकभरिमानै विवादीत बन्दै आएको छ त्यहि ग्रामीण क्षेत्रमा नगराईन बचत तथा ऋृण सहकारी संस्था लिमिटेडले स्थानियहरुको मन जित्न सफल बन्दै गएको छ । आइतबार नगराईनको खिरखिरया टोलमा आयोजना गरिएको संस्थाको चौथौ वार्षिक साधारणसभा कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै मधेश प्रदेशका मिडिया काउन्सीलका कार्यवाहक अध्यक्ष कैलाश दासले संस्थाले गर्दे आएको कार्य उतकृष्ट रहेको बताए । उनले बचत बिना समृद्धि सम्भव नरहेको बताउदै बचत गर्नका लागि सहकारी संस्था महत्वपूर्ण रहेको बताए ।

सहकारी मार्फत भएपनि बचत गर्न आग्रह गर्दै उनले भने, 'जहिलेपनि बचत महिल नै गर्छिन् । सहकारी संस्थाहरुमा बढी सहभागी महिलाहरु हुन्छिन्, यो सुखद पक्ष हो ।

विगतमा पनि महिलाहरु खाना पकाउँदा चावल बचत गरी घर चलाउँथिन आज त्यसको रुपान्तरण बचत तथा ऋण सहकारी संस्था हो । यसमा बढीभन्दा बढी महिला तथा पुरुषहरु लाग्न आवश्यक छ ।'

सहकारीका अध्यक्ष रामसुबेदी दासको अध्यक्षतामा भएको सो कार्यक्रममा संस्थाका व्यवस्थापक मनोज दासले संस्थाको बारेमा तथा आयव्याय प्रतिवेदन प्रस्तुत गरेका छन् । प्रतिवेदनमा शेयर सदस्य संख्या ९६२ रहेको छ भने ती मध्ये महिलातर्फ ४६५ र पुरुषतर्फ ४९७ वटा बचतकर्ता रहेको जनाइएको छ ।

त्यसैगरी चालु आबको संस्थाको बचत ५ करोड १२ लाख ११ हजार बढी रहेको प्रतिवेदनमा उल्लेख छ । कार्यक्रममा दलका स्थानीय प्रतिनिधिहरु, नगराइन नगरपालिकाका उपप्रमुख, राष्ट्रिय दलित पत्रकार संघका प्रदेश सदस्य वीरेन्द्र पासमान सहितका व्यक्तिहरुले आफ्ना विचार राखेका थिए ।

# लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय अझै समस्यामा

काठमाण्डु । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले नागरिकता, विवाह, सम्पत्तिलगायत क्षेत्रमा अहिले पनि विभिन्न समस्या भोग्दै आएका छन् ।

मितेरी नेपालले आइतबार आयोजना गरेको 'लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका सवालहरुको सम्बोधनमा सांसदहरुको भूमिका' विषयक नीति संवाद कार्यक्रममा उक्त




समुदायले आफूहरु नेपालको नागरिक भए पनि अन्य नागरिक जस्तै समान हक नपाएको बताएका हुन् ।

कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदीले नेपालको संविधान २०७२ मा सम्पत्तिको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरे यो समुदायका महिलाको सम्पत्तिमाथि हक नभएकाले पछाडि पर्नुका साथै विभिन्न समस्या भोग्नु परेको बताउनुभयो । उहाँले विद्यमान समस्या समाधान गर्न कानुनी क्षेत्रबाट आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सभापति सुवेदीले आफू यो समुदायप्रति गम्भीर तथा संवेदनशील रहेको बताउँदै कानुन बनाउने ठाउँबाट आफूले विस्तृत रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने प्रतिबद्धता जनाउनुभयो ।

महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले भोगका घटना सुन्दा आफूलाई हृदयविदारक लागेको भन्दै उनीहरुको समस्या समाधानका लागि समितिबाट सबै अध्ययन गरी आवश्यक सहयोग गर्ने बताउनुभयो । यो समुदायका व्यक्ति पनि प्राकृतिक रुपमा जन्मिएनुका साथै सामाजिक, आर्थिक क्षेत्रमा योगदान पुर्‍याउने भएकाले समाजमा सम्मानपूर्वक र विभेदरहित तरिकाले बाँच्नका लागि राज्यले वातावरण मिलाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले आयोगले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हक, अधिकार स्थापित गराइ कायान्वयनका लागि सरकारलाई सिफारिस गरेको बताउनुभयो । उहाँले यस विषयमा आयोगले पुनः सरोकार भएका निकायसँग विस्तृत छलफल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मितेरी नेपालका अध्यक्ष लक्ष्मी घलानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले घरदेखि समाज र राज्यबाट धैरै दुःख झेल्नुपरेको उल्लेख गर्नुभयो ।

उहाँले संविधान र कानुनले गरेका व्यवस्थाहरु पनि व्यवहारमा कार्यान्वयन हुन नसक्दा कठिनाइ झेल्नुपरेको भन्दै समस्या समाधान गर्न सांसदहरुको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा उक्त समुदायबाट सहभागी भएकाले विवाह दर्ताको व्यवस्था नभएको, बच्चा जन्मिए पनि दर्ता गर्ने व्यवस्था नभएको, धर्मपुत्र वा धर्मपुत्री लिने व्यवस्था नभएको, नागरिकतामा आफ्नो पहिचानअनुसार लिन नपाएकोलगायत समस्या भोग्नुपरेको धारणा राख्दै विद्यमान समस्या समाधानमा सबैले सहकार्य गर्नुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# संविधान कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध: मुख्यमन्त्री

लुम्बिनी । लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट लुम्बिनी प्रदेशको समग्र विकासलाई जनतासामु पुर्‍याउने गरी संविधान कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय राप्ती



उपत्यका देउखुरीमा सम्पन्न संविधान तथा राष्ट्रिय दिवस मूल समारोह समितिको आइतबार बसेको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले संविधान दिवसलाई नागरिक स्तरबाट भव्य रुपमा मनाउन आह्वान समेत गर्नुभयो । प्रदेश सरकारले संविधान दिवस २०८१ लाई भव्य रुपमा मनाउन आगामी असोज २, ३ र ४ गते प्रदेशभित्र विभिन्न कार्यक्रम आयोजना गर्ने जनाएको छ ।

असोज २ गते प्रदेशस्थित सबै सरकारी कार्यालयमा राष्ट्रिय झण्डा फहराउने, कार्यालय परिसरमा सरसफाइ गर्ने, स्वास्थ्य मन्त्रालयको समन्वयमा निःशुल्क स्वास्थ्य परीक्षण जाँच कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ । साथै प्रदेश सरकारी निकायका वेबसाइटमा संविधान दिवस तथा राष्ट्रिय दिवस भव्य रुपले मनाउनेबारेमा सूचनाहरु सार्वजनिक गरिनेछ । 'संविधान कार्यान्वयनको पहिलो दशकः उपलब्धि र चुनौती' विषयमा विज्ञसँग छलफल कार्यक्रम सञ्चालन गर्ने र त्यसका लागि फेडरलिजम एण्ड लोकलाइजेसन सेन्टरसँग समन्वय गरिनेछ ।

असोज ३ गते संविधान दिवसको मुल समारोह आयोजना गरिने छ । विभिन्न सांस्कृतिक झाँकीसहित विहान प्रभातफेरीको आयोजना गरिने हो । लुम्बिनी प्रदेश राजधानी परिसर क्षेत्र राप्ती उपत्यका देउखुरीमा मुल समारोह आयोजना गरिने र सो कार्यक्रमको प्रत्यक्ष प्रशारण आम सञ्चारका माध्यमबाट गर्न आह्वान गरिएको छ । रासस

# सिद्धार्थ बैंक लिमिटेडद्वारा पोखरा विश्वविद्यालय शिक्षण अस्पताललाई अपरेशन थिएटर टेबल हस्तान्तरण

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंक लिमिटेडले गण्डकी प्रदेश,कास्की जिल्लामा अवस्थित पोखरा विश्वविद्यालय शिक्षण अस्पताललाई अपरेशन थिएटर टेबल हस्तान्तरण गरेको छ । उक्त टेबल बैंकका संचालक समितिकाअध्यक्षश्री मनोज कुमार केडियाज्यूले विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. दीपक बहादुर भण्डारीलाई एक कार्यक्रमका बीच हस्तान्तरण गरेका छन् ।

उक्त कार्यक्रममा बैंकको तर्फबाट बैंकका संचालक समितिका अध्यक्ष मनोज कुमार केडिया, संचालक समितिकासदस्यश्री दिनेश शंकर पालिखे, बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीसुन्दर प्रसाद कडेललगायतको उपस्थिति रहेको थियो । त्यसैगरी,कार्यक्रममा पोखरा विश्वविद्यालय शिक्षण अस्पतालाका निर्देशक डा. दिपेन्द्र कुमार यादवज्यू लगायतको पनिउपस्थिति रहेकोथियो ।




यस सहयोगले बिरामीहरूले उच्च स्तरीयउपचार सेवा पाउनेछन् भन्ने विश्वास बैंकले लिँदै आगामी दिनहरुमा पनि यस्ता सामाजिक कार्यहरुलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखीनिरन्तरतादिँदै जाने उद्देश्य बैंकको रहेको छ ।

# सरकार बनाउने र भत्काउने खेलमा माओवादी लाग्दैनः अध्यक्ष प्रचण्ड

सुरुङ्गा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकार बनाउने र भत्काउने खेलमा माओवादी पार्टी नलाग्ने बताउनुभएको छ ।

माओवादी केन्द्र झापाले आइतबार बिर्तामोडमा आयोजना गरेको राजनीतिक प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रममा उहाँले अब माओवादी सरकारमा जाने र नयाँ समीकरण बनाउने पक्षमा नरहेको बताउनुभयो । "नेकपा माओवादी केन्द्र अब जनतासँग जाने र जनतालाई सङ्गठित गर्दै अघि बढ्ने काममा लाग्छ । सत्ताको खेलमा लाग्दैन", अध्यक्ष दाहालले भन्नुभयो । उहाँले नेकपा (एमाले) र नेपाली कांग्रेससहितको सरकार अगाडि बढ्ने र फेरि आफूहरूसँग मिल्न नआइदिए हुन्थ्यो भन्ने लागेको धारणा राख्नुभयो ।

कार्यक्रममा पुराना कम्युनिष्ट नेता झापा बिर्तामोडका लोकबन्धु कन्दङ्वासहित विभिन्न पार्टीबाट नेता तथा कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेका जनाइएको छ । कन्दङ्वा तत्कालीन अनारमनी नगरोन्मुख गाविसका उपाध्यक्ष हुनुहुन्छ ।

कार्यक्रममा पार्टी अध्यक्ष दाहालसहित उपमहासचिव तथा कोशी प्रदेश इन्चार्ज हरिबोल गजुरेलले नवप्रवेशीहरूलाई पार्टीमा स्वागत गर्नुभएको थियो ।रासस

# नेपाली वस्तुको निर्यात बढाउन ठोस नीतिको आवश्यकता छ : मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाली वस्तुको निर्यात बढाउन ठोस नीतिको आवश्यकता औंल्याउनुभएको छ ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको ५४औं वार्षिकोत्सव समारोहको उद्धाटन गर्दै मन्त्री भण्डारीले नेपाली वस्तुको तेस्रो मुलुकमा निर्यात अत्यन्तै न्यून रहेकाले निर्यात बढाउन ठोस नीति बनाउनुपर्नेमा जोड दिनुभयो ।


उहाँले भन्नुभयो, "तेस्रो मुलुकमा निर्यातभन्दा आयात धेरै छ, पारवहनको संरचना समय सापेक्ष हिसाबले बढ्नुपर्नेमा घट्दै गएको छ, व्यवसाय बढ्नुपर्नेमा पारवहन धरासायी अवस्थामा पुगेको छ, यही ढङ्गले संस्था चल्न सक्दैन, यस्तै भए सरकारले सोच्नुपर्ने हुन्छ, फजुल सरकारी बजेट दुरुपयोग भइरहेको छ, ठोस नीति आवश्यक छ योजना बनाउनुस, संस्था चलायमान बनाउन सरकारको आग्रह छ ।"




भारतका विभिन्न ठाउँमा रहेका 'पोर्ट'लाई व्यवस्थित बनाउन मन्त्री भण्डारीले निर्देशन दिनुभयो । "हाम्रो नीति निर्यात बढाउने हुनुपर्छ, ठोस योजना बनाएर प्रस्ताव ल्याउनुस्, मन्त्रालयबाट आवश्यक सहयोग रहन्छ", उहाँले भन्नुभयो । साथै उहाँले पारवहनका पदाधिकारीलाई साझेदार संस्थासँग हातेमालो गरेर ठोस योजना बनाउन निर्देशन दिनुभयो ।

संस्थालाई चलायमान बनाएर समयसापेक्ष ढङ्गबाट चलाउन नसकिएको अवस्थामा सरकार घाटा बेहोरेर सञ्चालन गर्ने पक्षमा नरहेको मन्त्री भण्डारीको भनाइ थियो । पारवहनले सन्तोषजनक ढङ्गबाट कार्यसम्पादन गर्न नसके यसको औचित्य नै समाप्त हुने उहाँले बताउनुभयो । "पारवहन सन्तोषजनक ढङ्गले नचले राज्यका लागि बोझ बनाउन सरकारले चाहेर पनि चलाउन सक्दैन", मन्त्री भण्डारीले भन्नुभयो ।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जउवा संघमा नयाँ नेतृत्व

जनकपुरधाम उद्योग वाणिज्य संघको नयाँ नेतृत्व चयन भएको छ। नवनिर्वाचित सबै पदाधिकारी, सदस्यहरुलाई हार्दिक बधाई । उद्योगी, व्यवसायीहरुको छाता संगठन रहेको उद्योग वाणिज्य संघको चुनावमा राजनीतिक दलका प्रभावशाली नेताहरु, जातीय माइजनहरु सक्रिय थिए। तर मतदाताहरुले यस चुनावमा स्वतन्त्र रुपमा आफ्नो मताधिकार प्रयोग गरेको देखियो। चुनावमा हारजीत स्वभाविक हुन्छ ।

जत्नेलाई तीन वर्ष कार्यकालको लागि ठूलो जिम्मेवारी आएको छ। पराजित भएका उम्मेदवार हरुले आगामी दिनमा उद्योगी, व्यवसायीहरुको निरन्तर सेवा गर्नुपर्छ। उनीहरुको हरेक दुःखसुखमा साथ दिनुपर्छ। निर्वाचित नेतृत्वले उद्योगी व्यवसायीहरुको मानसम्मान बढाउनुको साथै बजारको समस्या समाधानका लागि हमेशा अगाडि रहनुपर्ने छ। दशैं, तिहार, छठलगायतका ठूला पर्वत्यौहारको बेला उपभोक्ताको हितलाई पनि जउवा संघका पदाधिकारीहरुले ध्यानु पर्ने छ। धनुषा जिल्लाको हरेक नगरपालिकामा अब उद्योग वाणिज्य संघ गठन भएको छ। केहीमा गठनको प्रक्रियामा छ। तर जनकपुरधाम उद्योग वाणिज्य संघको विशिष्ट स्थान छ। मधेश प्रदेशको राजधानी रहेको जनकपुरधाममा रहेको उद्योगी व्यवसायीहरुको संस्थाले विशेष महत्व राख्छ। जनकपुरधामलाई पर्यटकीय हबको रुपमा विकास गर्न संघका पदाधिकारीहरुले विशेष सक्रियता देखाउनु पर्नेछ। जानकी मन्दिरद्वारा आयोजना हुने पर्वत्यौहार हरुको बजारीकरण गर्न जनकपुरधाम उद्योग वाणिज्य संघले विशेष योजना बनाउन आवश्यक छ। यहाँका हरेक धार्मिक सांस्कृतिक स्थलहरुको महत्वलाई देश विदेससम्म पुऱ्याउनु पर्छ। जनकपुरधामका मठमन्दिर, ताल सरोवरहरुको प्रचारप्रसारले मात्रै पनि यहाँ आउने पर्यटकलाई कम्तीमा दुई दिनसम्म रोक्न सकिन्छ। आस्थाले ओतप्रोत भएका तीर्थयात्रुहरु आउने जनकपुरधाममा रहेका धार्मिक, सांस्कृतिक सम्पदाहरुको महत्वलाई बुझाउन सके पर्यटनको विकासमा ठूलो टेवा पुग्नेछ। पर्यटन विकासको प्रचुर सम्भावना रहेको जनकपुरधामलाई सफा, सुन्दर र स्वच्छ बनाउन संघले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। चौतर्फी जिम्मेवारी भएको संघका नवनिर्वाचित पदाधिकारीहरुले जनकपुरधामको समग्र विकासमा अग्रणी भूमिका निर्वाह गर्नुपर्छ। जनकपुरधाम उद्योग वाणिज्य संघले दलालीको आरोपलाई हटाउन सक्नु पर्छ। उद्योगी, व्यवसायीहरुको बृहतहितलाई ध्यान दिनुपर्छ। जनकपुरधाम उद्योग वाणिज्य संघमा ४ हजार ७६ मतदाता रहेका थिए। वर्षाले पनि मतदानलाई केही प्रभावित गऱ्यो। तर समग्रमा मतदान शान्तिपूर्ण ढंगले सम्पन्न भयो। निर्वाचन समितिको कार्य अत्यन्त प्रशंसनीय थियो। प्रशासनिक कार्य पनि अत्यन्त प्रभावकारी थियो। मतदानदेखि परिणाम घोषणासम्म कुनै प्रकारको अप्रिय घटना र विवाद नहुनु पनि ठूलो उपलब्धि हो। फेरि सबैलाई बधाई।

# पहिरो रोकथामका लागि भेटिभर खेती

**कृष्ण अधिकारी**

विश्वमै जलवायु परिवर्तनले सङ्कट निम्त्याएको छ। यो सङ्कटबाट नेपाल पनि अछुतो छैन। नेपाल आर्थिक समृद्धिका मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैँ आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ। बाढी, पहिरो, नदी कटानजस्ता समस्या हरेक वर्ष बढ्दै गएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम/सङ्कट निवारण तथा पुनर्लाभ ब्युरोका अनुसार बाढी र पहिरो जोखिमको हिसाबले विश्वमा नेपाल ३०औं स्थानमा पर्छ। राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको पछिल्लो तथ्याङ्कअनुसार जलवायु परिवर्तनका कारण नेपालले पछिल्लो पाँच वर्षमा रु चार खर्बभन्दा बढी नोक्सानी बेहोरेको छ। तथ्याङ्कानुसार वार्षिक रु ८३ अर्ब बराबरको क्षति हुने गरेको छ। जलवायुजन्य विपद्ले भौतिक पूर्वाधार, खाद्य सुरक्षा, रोग तथा कीटाणुलगायत विभिन्न माध्यमबाट क्षति पुऱ्याएको पाइएको छ।

नेपालको भौगोलिक बनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ। एकातिर प्राकृतिक रुपमै बाढी, पहिरो, डढेलो, भूक्षयलगायत प्रकोपको समस्या देखिएको छ भने अर्कोतिर विकास निर्माणका नाममा गरिएका कार्यहरुले पनि यो समस्यालाई अझ बढाएको छ। त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष बढ्दै गएको छ। राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माणस्थल, नहर, नाली आदि भौतिक पूर्वाधारहरु निर्माण गर्दा बायो-इन्जिनियरिङ प्रविधिलाई अनुशरण गरेको खण्डमा धेरै हदसम्म यो समस्यालाई न्यूनीकरण गर्न गर्न सकिन्छ। बायो-इन्जिनियरिङमा सबैभन्दा उपयुक्त विकल्प भनेको त्यस्ता पहिरो वा बाढीको जोखिम रहेका स्थानमा भेटिभर वनस्पति लगाउनु हो।

विश्वव्यापीरुपमै यो अभ्यास प्रभावकारी देखिएको विभिन्न अध्ययनहरुले पुष्टि गरेका छन्। नेपालमा पनि केही वर्षयता पहिरो नियन्त्रण, भूक्षण रोकथाम तथा नदी कटान रोकथाममा भेटिभर लगाउन थालिएको छ। भेटिभरको तटबन्धले बाढीपहिराका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ। नयाँ सडक निर्माण सक्नसाथ दायाँ-बायाँका भूभागमा यसलाई लगाए माटो बग्न र पहिरो झर्न रोकिन्छ।

हाल ढलान स्थरीकरणको कार्यमा रिटेनिङ कंक्रिट पर्खाल प्रभावकारी नभएको उदाहरण मुग्लिन नारायणगढ सडकमा बर्षौंदेखि भोग्दै देख्दै आइरहेका छौं। पृथ्वी राजमार्गको कृष्णभीरको पहिरो होस् वा नारायणगढ-बुटवल खण्डमा पहिरोबाट सवारी दुर्घटना हुँदा धेरैको अकालमा ज्यान गएको छ। खासगरी वर्षायाममा देशका अन्य मुख्य वा ग्रामीण तथा कृषि सडकको तल वा माथिबाट जाने पहिरोले यातायात अवरोध हुने गर्दछ।

त्यस्ता सडकका तल माथि भेटभर लगाउन सकिएमा पहिरो र भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ।

पहिरो पन्छाउन ठूलाठूला मेसिनको व्यवस्थापन भन्दा त्यस्ता सम्भावित ठाउँमा भेटिभर लगाउन सकिएमा पहिरो रोक्न बर्सेनि हुने करोडौं खर्चको बचत हुनुहुको साथै समस्याको दीर्घकालीन समाधान हुनसक्छ। ठूलाठूला जलविद्युत् आयोजना बनाउँदा आयोजना गृह आसपासमा भेटिभर लगाउँदा त्यसले जमिनलाई बजबुत गराउँछ। यसको राम्रो उदाहरण राष्ट्रिय गौरवको आयोजना काठमाडौँ तराई मधेस दुर्तमार्गमा देख्न सकिन्छ। नेपाली सेनालेनिर्माण गरिरहेको यस राजमार्गको चुरे क्षेत्रको विभिन्न ठाउँमा पाँच किलोमिटरभन्दा बढी सडकको दायाँबाँया भेटिभर नेपालद्वारा जैविक प्रविधिअन्तर्गत भेटिभर विरुवा लगाइएको छा भेटिभरले यहाँको भिरालो जमिनलाई बाढी, पहिरो तथा भूक्षय हुनबाट अत्यन्त प्रभावकारी भूमिका खेलेको छ। तराईमा तटबन्धका लागि सरकारले वर्षेनी अर्बौं रुपैयाँ लगानी गरे पनि त्यसले दिगो समाधान दिन सकेको छैन। बाढीले खेत पुरेर बगर बनाउँदा वर्षेनी खेतीयोग्य जमिन घट्दै गएको छ। त्यस्ता बाढीजन्य स्थानहरुमा नदी आसपास भेटिभर रोप्न सके कटानलाई रोक्न सकिन्छ। नेपालको तराई मधेसको अस्तित्व जोडिएको चुरे क्षेत्रको संरक्षणमा पनि भेटिभरको प्रवर्द्धन गर्न सकिन्छ। चुरेको अनियन्त्रित दोहनले गर्दा नेपालको अन्न भण्डारको रुपमा रहेको तराई भेगमा सुख्खा, खडेरी, बाढी लगायतका प्राकृतिक बिपतले सधैँ क्षति मच्चाउने गरेको छ। बन फडानी नियन्त्रण, वृक्षरोपण, नदीजन्य खनिज दोहन नियन्त्रण, जलस्रोतको संरक्षणलगायतका कार्यमार्फत चुरे विनास भइरहेको छ। दशौं चुरे संरक्षण दिवस २०८१ को अवसरमा चुरेको माटो चुरेलाई, चुरेको पानी सबैलाई भन्ने नारालाई आत्मसात गर्ने हो भने पनि भेटिभरको प्रवर्द्धनमा लाग्नु पर्दछ। चुरे संरक्षण, यहाँको नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय नियन्त्रण गर्ने एक मात्र जैविक विकल्प भेटिभर हो भन्ने तथ्यलाई आत्मसाथ गर्नु जरुरी छ।

### के हो भेटिभर ?

भेटिबर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ। वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको छ। समुद्री सतहदेखि एक हजार ८०० मिटरका उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा बढी गहिरोसम्म जान्छ। यो विषम किसिमका माटामा हुर्कने तथा सप्रने घेरै कम बिरुवामध्येको एक हो। यस घाँसको द्रुत वृद्धि दर, उच्च बायोमास, स्थानीय प्रजातिहरूमा गैरआक्रमक प्रभाव, प्रदूषणमा सहनशीलता र जराको विशिष्ट व्यवहारको कारणले महत्वपूर्ण छ।

जुनसुकै हावापानी र जस्तोसुकै जमिनमा पनि उम्रन सक्ने एक प्रकारको झार अथवा घाँस हो भेटिभर। झट्ट हेर्दा कुशजस्तो देखिने यो वनस्पति सको वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स हो। यसलाई खस-खस भनेर पनि चिनिन्छ। बाह्रैमहिना उम्रिने यो गुच्छेदार घाँस हो। साढे एक मिटरसम्म अग्लो हुने यसका पात उखुको जस्तै तर अलि साँघुरो हुन्छ। डाँठ सिधा र कडा हुन्छ। यसको टुप्पोमा स-साना खैरो प्याजी रङका फूल फुल्छभने यसको सबैभन्दा महत्वपूर्ण भाग भनेकै जरा हो। भेटिवरले लामो समयसम्म खडेरी, बाढी, चरम तापक्रम, उच्च स्तरको लवणता, सोडियम बढी भएको, अम्लता, क्षारीयता र विषाक्त धातुहरुको विस्तृत श्रृंखलासहित चरम जलवायु परिवर्तन सहन सक्छ। कुनै पनि मौसम र आगोले समेत प्रभाव नपर्ने घाँस भएकाले जहाँ जहिले पनि लगाउन सकिन्छ।

यो जति काटे पनि पुनः टुसाउने भएकाले वर्षौंसम्म यसको उपयोग हुनसक्छ। खडेरी प्रतिरोधी, नुनिलो र पानी जमेको स्थानमा पनि सजिलै फस्टाउँछ। यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा पानीका मुहान सुक्न दिँदैन। भूमिगत पानीलाई पुनःभरण गर्न पनि सहयोग गर्दछ। त्यसैले खेतीयोग्य ठूलो जग्गा बर्सेनि बगरमा परिणत भएकाले यस्ता जग्गालाई यसको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ। बाढी पहिरोबाट खेतीयोग्य जग्गा गुमाएका किसानलाई भेटिभरको सहयोगमा ठूलो राहत पुग्दछ। नदीतटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्णरूपमा सुस्त बनाइदिन्छ। नङले जसरी औंलाहरुको सुरक्षा गर्दछ, त्यसरी नै भेटिभरले माटोको संरक्षण गर्ने भएकाले भेटिभरलाई 'जिउँदो माटोको नङ'सँग पनि तुलना गर्न सकिन्छ।

### कसरी हुन्छ पहिरो रोकथाम ?

भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ। यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन। छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ। जमिनमुनिको पानीको प्रवाहलाई फैलाउँछ र बलौटे माटो छान्दछ। भेटिभरको राम्रो गाँज (हेज) ले वर्षाको बहावलाई ७० प्रतिशतसम्म रोक्दछ भने बलौटेपन ९० प्रतिशतसम्म रोक्दछ। नदीतटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान रोक्न जैविक पर्खालको काम गर्दछ । यसको विरुवा हुर्किएको छ महिनामा नै जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्दछ।

यसको जरा, बलियो रेसेदार, एक झुण्ड भएर जमिनको १२ फिटभन्दा तल्लो सतहसम्म माटोलाई मजबुत पकड गर्दै गहिराईतर्फ जान्छ। दुई फिटसम्मको गाँजहुने भएकाले एक गाँजको जराले अर्को गाँजको जरासँगको सम्बन्ध बलियो बनाई माटोको रक्षा गर्दछ। जुनसुकै प्रकारको माटोलाई पनि यसको जराले मजबुत पकड गर्दै जमिनको तल्लो सतहसम्मको माटोलाई एकढिक्का गर्दछ। यसबाहेक नदीको धार परिवर्तनको रोकथाममा पनि यसले जैविक इन्जिनियरिङको काम गर्छ। भिरालो जमिनमा लहरै रोपिएका भेटिभरले पानीलाई रोक्ने छेकवारको जस्तै काम गर्छ। यसले पानीको बहावको गति घटाउने र पानीलाई माटोमै शोषण गरी राख्ने भएकाले भूक्षय हुन दिँदैन। ढुङ्गा, बालुवा, मिस्कट भएको जमिनमा पनि यसको जराको झुण्डले ढलान स्थिरीकरण गर्दै कुनै प्रकोपले असर नपार्ने गरी पकड गर्छ। जमिनमाथि यो लगभग पाँच फिट उचाइसम्म जान्छ। चाँडो बढ्ने र जरा फैलने भएकाले कमजोर, बगिरहने माटोलाई निक्कै कडाइका साथ आपसमा जोडेर (बाइन्डिङ गरेर) राख्छ। जमिनमुनि तारजालीजस्तै १० फिटसम्म जान सक्ने भएकाले रोपेको ठाउँमा पहिरो जाने सम्भावना नै हुँदैन भने नदी आसपासमा लगाए कटानलाई सजिलै नियन्त्रण गर्न सकिन्छ।

भेटिभरको उच्च वाष्प ट्रान्सपिरेसन क्षमताको कारणले ओसिलो खपत हुन्छ र प्रदूषकहरूले बोटको वृद्धिलाई इन्धन गर्न सूक्ष्म र म्याक्रोपोषक तत्वको रूपमा काम गर्दछ। जमिनको पानी र सतहको पानीका स्रोतहरूलाई थप संरक्षण हुन्छ। यसले पहिरो पुनर्वास र रोकथाम, जलाधार संरक्षण, नदी किनारा र तटीय संरक्षण गर्छ। भेटिभर यसको जरा संरचना र कठोर वातावरणीय अवस्थाहरूमा सहिष्णुताजस्ता अन्य विशेषताहरूका कारण यो समस्या समाधान गर्नको लागि विशेष रूपमा उपयुक्त छ।

> गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसर सिर्जना गर्नु हो । खेतीयोग्य ठूलो जग्गा बर्षेनी बगरमा परिणत भएकाले यस्ता जग्गालाई भेटिवरको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ ।

### विश्वमा भेटिभरको प्रयोग

अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ। विश्वमा बाढी, पहिरो, सडकको दायाँबाँया, नदी किनार, सिँचाइ नहर र तटीय क्षेत्रहरुको संरक्षणमा पनि यसको प्रयोग भइरहेको छ। सन् १९९४ मा अस्ट्रेलियाको क्विन्सल्यान्डमा ल्यान्डफिल लिचेट नियन्त्रणको लागि भेटिभर घाँस प्रयोग गरिएको थियो। त्यसबेलादेखि यो अस्ट्रेलिया, चीन, भारत, मेक्सिको, नाइजेरिया, फिलिपिन्स, दक्षिण अफ्रिका, थाइल्यान्ड, अमेरिका र भियतनाममा व्यापक रुपमा प्रयोग गर्दिँदै आएको छ। भारी धातु र नुन भएको लिचेट (दूषित)लाई भेटिभरको अद्वितीय विशेषताहरूले उपचार गर्दछ। भारत, अमेरिका, केन्या, थाइल्यान्डलगायतका मुलुकका सडक र नदी किनारमा भूक्षय रोक्न भेटिवरको प्रसस्त रुपमा रोपण गरिएको छ। भारतको आन्ध्र प्रदेशमा गरिएको प्रयोगले पानीको वहावमा ६९ प्रतिशत र भूक्षयमा ७६ प्रतिशत कमी आएको देखाएको छ। भेटिवरको प्रयोगले भूक्षयलाई प्रति हेक्टर ११ टनबाट तीन टनसम्म घटाएको पाइएको छ।

सन् २००५ मा ब्रिसबेन, अस्ट्रेलियामा ल्यान्डफिल साइटको छ हेक्टर क्षेत्रफलमा रोपिएको भेटिभरले उत्कृष्ट नतिजा दिएको थियो। विश्वका धेरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान साबित भएको छ।

### अन्य उपयोगिता

भेटिभरको प्रयोग बाढी पहिरो नियन्त्रणमा मात्र नभई अन्य विभिन्न उपयोगमा ल्याउन सकिन्छ। जमिनमा रहेका दूषित तत्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी पानीका मुहान संरक्षण गर्न पनि मद्दत गर्छ। वाग्मती, विष्णुमतीजस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी जैविक अस्त्रका रूपमा अग्रणी रहन सक्छ। बाँझो, बन्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदूषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो। यसको जराले धमिलो पानीलाई समेत छानेर सफा बनाउँछ। ल्यान्डफिल साइटहरूमा धेरै पानी लिने केरा र उखुभन्दा पनि यो वनस्पति उत्तम देखिएको छ। घना र तिखारिएका पात हुने भएकाले कुनै जीवजन्तुले पनि नखाने हुँदा खेतबारीमा बारको रुपमा पनि प्रयोग गर्न सकिन्छ।

गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसर सिर्जना गर्नु हो। खेतीयोग्य ठूलो जग्गा बर्षेनी बगरमा परिणत भएकाले यस्ता जग्गालाई भेटिवरको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ। नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ। भेटिवरको खेती गरेपछि बगर जग्गा उर्वर भूमिमा परिणत हुन्छ।

बाढीले बगरमा परिणत गरेका जग्गाधनी किसानलाई पनि रोजगारीको अवसरमा जोड्न सकिन्छ। खेतबारीको बीच भागमा अन्य खेती गरे पनि यसलाई वरिपरि बारको रूपमा समेत लगाउन सकिन्छ। आगो लगाउँदासमेत नमासिने हुँदा यसले वनजङ्गलमा लाग्ने डढेलो नियन्त्रणमा पनि सहयोग पुग्दछ।

भेटिभर हरित इन्धनको एक महत्वपूर्ण स्रोत पनि हो। भेटिभरलाई हरित इन्धन उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ। यसबाट बायोमास, बायोग्यास र बायो सिएमजी उत्पादन गर्न सकिन्छ। हाल नेपालले वार्षिक झन्डै रु तीन खर्बको खनिज इन्धन आयात गरिरहेको छ। ग्रामीण क्षेत्रमा दाउरा मुख्य ऊर्जाका रूपमा प्रयोग भइरहेका अवस्थामा भेटिभरबाट उत्पादन हुने ब्रिकेटले रुख कटान नियन्त्रण गर्न भूमिका खेल्छ। त्यति मात्र होइन, भेटिभरको डाँठबाट विभिन्न हस्तकलाका सामान र जराबाट अत्तर बनाउन सकिन्छ। भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७वटा लक्ष्य पूरा गर्न सहयोग पुग्दछ। गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवर्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले महत्वपूर्ण योगदान दिन सक्दछ।रासस

# नगरवधू आम्रपाली कसरी भिक्षुणी भइन् ?

**रमा दुलाल**

इतिहासका पाना पल्टाउँदै जाने हो भने हामीले अद्भुत र विलक्षण प्रतिभाका धनी थुप्रै नारी पाउँछौं, जसको हामी कल्पना पनि गर्न सक्दैनौं। तिनै नारीहरूमध्ये एक हुन्– आम्रपाली। लगभग ६००-५०० ईशापूर्वमा लिच्छवि गणतन्त्रको एक प्रमुख नगर वैशालीमा जन्मेकी आम्रपालीका बुबा-आमा को हुन् भन्ने कसैलाई थाहा छैन।

उनको नाम आम्रपाली राख्नुमा पनि एउटा रहस्य लुकेको छ। उनलाई सानैमा कसैले वैशालीको एक शाही उद्यानमा रहेको एउटा आँपको रुखमुनि छाडेर गएको थियो। त्यसैले उनको नाम संस्कृतका दुई शब्दको संयोजनबाट बनेको छ– 'अमरा' (आँप) र पल्लवी (नयाँ पालुवा)। भनिन्छ, वैशाली नगरमा रातमा पहरा दिने सैनिक महानामनले एक बिहान आँपको रुखमुनि सेतो कपडाले बेरिएको अवस्थामा आम्रपालीलाई देखे।

यति सुन्दर बच्चा कसले छाडेको होला ? आम्रपालीको असीम सौन्दर्य र रूपको आभाले महानामनमा वात्सल्य प्रेम पलायो। महानामनको विवाह गरेको नौ वर्ष भएको थियो, तर सन्तान भएका थिएनन्। उनले आम्रपालीलाई आफ्नै छोरी बनाएर हुर्काउने निर्णय गरे।वैशाली गणतन्त्रमा यस्तो कानुन थियो कि कुनै युवती धेरै सुन्दरी भइन् भने कुनै एक पुरुषले विवाह नगरेर राज्यका सबैका लागि सुरक्षित राखिन्थ्यो, अर्थात् नगरवधू बनाइन्थ्यो। यस कुराले महानामनलाई धेरै चिन्तित बनाएको थियो।

यसैले महानामन दम्पतीले आम्रपालीलाई लिएर आफ्नो गाउँ अम्बारा गए। अम्बारा वैशालीको एउटा सानो गाउँ थियो। समय बित्दै गयो, आम्रपाली ११ वर्षकी भइन्। उनको अनुपम सौन्दर्यको बखान गाउँभन्दा परपर फैलिएको थियो। अग्ली, दूधजस्तो गोरो वर्ण, पातलो शरीर भएकी आम्रपालीलाई एक झलक देख्नका लागि पुरुषहरू मरिहत्ते गर्थे। आम्रपालीका साथीहरू धेरै थिए, तर मित्र एउटै थियो– पुष्पक कुमार। दुवै एक-अर्कोलाई ज्यादै मन पराउँदै थिए। दुवैले एक-अर्कालाई जीवनसाथी बनाउने पनि निर्णय गरेका थिए। यसमा महानामन पनि सहमत थिए।

समय बित्दै जाँदा आम्रपालीलाई हुर्काउने-बढाउने आमाको मृत्यु भयो। महानामनको कुनै काम-पेसा थिएन। कामको खोजीमा उनी वैशाली जानका लागि हिँडे, साथमा ११ वर्षीया आम्रपाली पनि थिइन्। पानी परेर बाटो हिलो भएको थियो। उनीहरू थाकेर एउटा घना वृक्षमुनि गएर ओत लागे। त्यत्तिकैमा घोडाका टापका आवाज सुनिन थाले। उनीहरू झन् डराए। बालिका आम्रपालीलाई छातीमा च्यापेर वृद्ध महानामन रुखमा टाँसिएर बसिरहे। घोडसवारहरू पनि त्यही रुखमा ओत लाग्न आइपुगे। बिजुली चम्क्यो, त्यसको उज्यालोमा सिपाहीहरुले बाबुछोरीलाई देखे।

त्यही बेला परेको चट्याङले महामानवको ज्यान लियो। सानैमा आमाबाबुविहीन भएकी आम्रपाली पुनः एकपल्ट टुहुरी हुन पुगिन्। ती सैनिकहरू, जो राज्यका सुरक्षाकर्मी थिए, उनीहरूले भने– 'भगवान्ले जे गर्छन्, राम्रो गर्छन्। बुढो मरेर के भयो ? यति अद्भुत सुन्दरी हामीलाई छाडेर गएका छन्।'


आम्रपालीको रूप देखेर राजसभाले उही निर्णय गऱ्यो, जो नहोस् भन्ने महानामनले चाहेका थिए। नगरवधू बन्ने सर्तमा उनलाई राज्यका तर्फबाट खान, बस्न र सुरक्षाको राम्रो प्रबन्ध गरियो।उनीहरूमध्ये एकले भन्यो, 'यति धेरै सुन्दरी कसैकी पनि हुन सक्दिनन्। वैशालीको कानुन हामी सबैलाई थाहा छ नि ! यो कुरा राजालाई गएर हामीले भन्नुपर्छ।

अनि उनीहरूले वैशाली गणराज्यको राजसभामा आम्रपाली पेस गरे। आम्रपालीको रूप देखेर राजसभाले उही निर्णय गऱ्यो, जो नहोस् भन्ने महानामनले चाहेका थिए। नगरवधू बन्ने सर्तमा उनलाई राज्यका तर्फबाट खान, बस्न र सुरक्षाको राम्रो प्रबन्ध गरियो।

आम्रपाली सुन्दरतासँगसँगै नृत्यमा पनि पारङ्गत थिइन्। उनको नृत्यको चर्चा देश-विदेशमा पनि फैलिएको थियो। उनको नृत्यमा अरुलाई मन्त्रमुग्ध बनाउने शक्ति थियो। वैशालीका राजा मनु देवले पनि एकचोटि आम्रपालीको नृत्य हेरे र उनको मनमा पनि आम्रपालीलाई पाउने इच्छा जाग्यो। यसैले आम्रपालीलाई राज नर्तकी बनाइयो। उनी महलमा बस्न थालिन्।

आम्रपाली जीवनमा दोस्रोपटक प्रेममा परिन्। जो शत्रु देश मगधका राजा बिम्बिसार थिए। बिम्बिसारले वैशाली राज्यमा हमला गरे र रूप बदलेर आम्रपालीको सामु गए। बिम्बिसारलाई आम्रपालीले पनि मन पराइन्। उनलाई थाहा थिएन कि बिम्बिसार वैशालीमा लडाइँ गर्न आएका राजा हुन् भनेर।बिम्बिसारसँग केही हप्तासँगै बस्दा उनलाई सत्यता थाहा भयो। अनि आम्रपालीले बिम्बिसारलाई युद्ध रोक्न भनिन्।बिम्बिसार आम्रपालीलाई बेहद प्रेम गर्थे। आम्रपालीले भनेपछि उनले युद्ध रोके।

आम्रपालीले त्यसपछि बिम्बिसारबाट एक छोरो जन्माइन्, जसको नाम विमल कोन्डाना राखियो। केही समयपछि बिम्बिसारलाई रानीपट्टिका आफ्नै छोरा



अजातशत्रुले मारिदिए। उनको छोरो विमल कोन्डाना पनि बढ्दै गए। आमा नगरबधु भएको उनलाई मन परेको थिएन। यता बिम्बिसारको मृत्युपछि आम्रपालीलाई वैराग्य आयो। महल, सुसारे, धन-सम्पत्ति सबै उनीसँग थियो। तर शान्ति, प्रेम र आनन्द थिएन। अनि उनी यसैको तलास गर्न थालिन्।

त्यसबेला महात्मा बुद्ध वैशालीमै हुनुहुन्थ्यो। टाढा-टाढाबाट मानिस उहाँको दर्शनका लागि हिँडेरै आउँथे। आम्रपालीलाई पनि महात्मा बुद्धको दर्शन गर्ने इच्छा भयो। उनी दर्शनका लागि बुद्ध कहाँ गइन्। बुद्धको उपदेशले उनलाई धेरै प्रभावित गऱ्यो। अनि उनको मनमा साधना गर्ने भावना जाग्यो।

उनले बुद्धलाई भनिन्– 'भगवान्, म साधना गर्न चाहन्छु, तर सबैभन्दा ठुलो कुरा समय हो। मसँग समय छैन। हे कृपानाथ ! मेरा लागि हजुरले नै भक्ति साधना गर्ने कष्ट गर्नुभयो भने कृपा हुने थियो।' यो सुनेर बुद्ध केहीबेर चुप हुनुभयो। अनि केहीबेरपछि भन्नुभयो, 'आम्रपाली ! तिमी एउटा काम गर। प्रतिदिन जति बत्ती तिम्रो महलमा बालिन्छन्, आजबाट त्यसको संख्या पाँच गुना बढाइदेऊ।'

यो सुनेर आम्रपाली भन्छिन्, 'यसबाट के हुन्छ, प्रभु ?' बुद्धले भन्नुभयो, 'यसबाट यो हुन्छ कि तिम्रो महलको उज्यालो यो उद्यानमा आइपुग्छ।' आम्रपाली भन्छिन्, 'प्रभु ! तर यो कसरी सम्भव हुन्छ ? मेरो महल त यो उद्यानबाट धेरै टाढा छ। बिचमा यतिका घर छन् कि मेरो महलको उज्यालो यहाँसम्म बिल्कुलै आइपुग्दैन।

भगवान् बुद्धले आम्रपालीलाई सम्झाउँदै भन्नुभयो, 'तिमीले एकदम ठिक भन्यौ, तिम्रो महलमा बलेको बत्तीको उज्यालो यो उद्यानसम्म आइपुग्दैन। तिम्रो महलबाट यो उद्यानसम्म त्यो उज्यालो आइपुग्न धेरै गाह्रो छ। यो तिमीलाई पनि थाहा छ भने अब यो भन कि मेरो साधनाको उज्यालो तिमीसम्म कसरी पुग्न सक्छ ? तिमीलाई यो पनि थाहा छ कि जसले खाना खान्छ, उसैको पेट भरिन्छ। यसैले जसले साधना गर्छ, उसैलाई सिद्धि प्राप्त हुन्छ, आनन्द र प्रेम शान्ति प्राप्त हुन्छ। स्वयंभित्र जागृत नभईकन साधना गर्न सकिँदैन।'

भगवान्को कुराले आम्रपाली नतमस्तक भइन्। आम्रपालीलाई बुद्धको कुराले धेरै छोयो।धम्म संघमा पहिले भिक्षुणीहरूलाई लिइँदैनथ्यो, यशोधरालाई पनि बुद्धले भिक्षुणी बनाउन इन्कार गर्नुभएको थियो, तर आम्रपालीको श्रद्धा, भक्ति र मनको विरक्तिपनबाट प्रभावित भएर आम्रपालीलाई पनि उहाँले संघमा प्रवेशको अधिकार दिनुभएको थियो।उनी बुद्धको पहिलो र सर्वश्रेष्ठ भिक्षुणी भइन्। उनको निवास बौद्ध भिक्षुको पहिलो बिहार बन्यो।

कहावत यस्तो पनि छ कि एक बौद्ध भिक्षुलाई आम्रपाली प्रेम गर्थिन्। उनले त्यो भिक्षुलाई आफ्नो प्रेमका बारेमा भन्न धेरै कोसिस गरिन्, तर बुद्धको धार्मिक ज्ञानको अगाडि आम्रपाली नतमस्तक भइन्। खुद बौद्ध भिक्षुणी हुने फैसला लिएकी हुन्।

इतिहासले जे भने पनि आम्रपाली पहिलो महिला बौद्ध भिक्षुणी थिइन्। त्यसपछि अन्य महिलाहरूले पनि भिक्षुणी बन्ने फैसला लिए र यसरी आम्रपालीलाई अन्त्यमा शान्ति प्राप्त भयो।जिन्दगीभरि आम्रपालीले धेरै दुःख देखिन्। सधैँ उनको रूप नै उनको खुसीको तगारो हुन्थ्यो।

बौद्ध ग्रन्थ अंगुत्तरनिकायको सुत्तनिपातमा बुद्धको 'उपदेश' इङ्गित गरिएको छ, तीन वस्तुहरू गुप्त रूपले कार्य गर्छन्– नारी, ब्राह्मण-मन्त्र तथा मिथ्या सिद्धान्त। त्यस्तै तीन वस्तुहरू प्रत्यक्ष रूपले कार्य गर्छन्– सूर्य, चन्द्र तथा बौद्ध धर्म।

अब विचार गरौँ कि बौद्ध मत अनुसार स्त्रीको आचरण सधैँ मिथ्या सिद्धान्त समान हुन्छ भने बुद्धले उनलाई भिक्षुणी बनाएर बौद्ध मतमा विकृति भित्र्याउने प्रयास किन गर्नुहुन्थ्यो ? आम्रपाली अति रूपवती थिइन्, यो सत्य हो तर उनलाई वेश्या या नगरवधू मात्र भन्नु बौद्ध ग्रन्थको एक सुशील स्त्रीको विरुद्ध अपमान पनि हो।

भनिन्छ, शिष्य आनन्दको आग्रहमा बौद्ध संघमा स्त्रीहरूलाई प्रवेश दिन बुद्धले स्वीकार गर्नुभएको थियो।

# ऊर्जामन्त्री खड्कासँग नेपालका लागि बङ्गलादेशका राजदूत चौधरीको भेट

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि बङ्गलादेशका राजदूत सलाहुद्धीन नोमन चौधरीले आइतबार शिष्टाचार भेट गर्नुभएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको भेटमा नेपाल र बङ्गलादेशबीचका ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको मन्त्री खड्कको सचिवालयले जनाएको छ ।

भेटमा ऊर्जामन्त्री खड्काले नेपालमा जलविद्युत्को प्रचुर सम्भावना रहेको र बङ्गलादेशमा बढ्दो ऊर्जा आवश्यकता रहकोले दुई देशबीचको ऊर्जा सहकार्यलाई अझ गहिरो बनाउन यस बङ्गलादेशमा विद्युत् निर्यातले दुई देशबीच विद्युत् व्यापारको ढोका खोल्ने ऊर्जामन्त्री खड्काले बताउनुभयो । यसो हुनसके नेपालको विद्युत् व्यापारमा महत्वपूर्ण उपलब्धि प्राप्त हुने उहाँको भनाइ थियो ।

मन्त्री खड्काले ६८० मेगावाटको सुनकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण र विकासका लागि नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम सम्झौता हस्ताक्षरका लागि आवश्यक प्रक्रिया अगाडि बढेकोमा राजदूतावासबाट आवश्यक पहल हुने विश्वास



भेटले सहयोग पुगेको बताउनुभयो । उहाँले आगामी दिनमा हुन लागेको दुई देशका सचिव तथा सहसचिवस्तरीय बैठकमा ठूला जलविद्युत् आयोजना निर्माणमा सहकार्य, अन्तरदेशीय प्रसारण लाइनमा भारतीय पक्षको सहमति र विद्युत् व्यापारको सुरुआतलगायत विभिन्न महत्वपूर्ण विषयमा छलफल तथा निर्णय हुने भएकाले उक्त बैठक फलदायी हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

ऊर्जामन्त्री खड्काले चाँडै नै नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट र भारतको विद्युत् व्यापार निगमबीच ऐतिहासिक त्रिपक्षीय विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर हुने पनि उल्लेख गर्नुभएको छ । नेपालले भारतीय प्रसारण लाइनको प्रयोग गरी वर्षायाममा व्यक्त गर्नुभयो । भेटमा राजदूत चौधरीले बङ्गलादेशले चाँडै नै ४० मेगावाट विद्युत् खरिद सम्झौता गरेर नेपाल र बङ्गलादेशबीचको ऊर्जा सहकार्यलाई अगाडि बढाउन खोजेको बताउनुभयो ।

राजदूत चौधरीले विद्युत् उत्पादन, व्यापार र प्रसारण लाइनको विकासमा बङ्गलादेशले नेपाललाई सहयोग गर्ने उल्लेख गर्नुभयो । उहाँले बङ्गलादेशले सिँचाइको नवीनतम माध्यामबाट कृषि क्षेत्रमा थोरै जमिनबाट धेरै उत्पादन गरिरहेको भन्दै उक्त प्रविधिलाई नेपालमा भित्र्याउनका लागि आवश्यक सहयोग गर्ने बताउनुभयो ।भेटमा ऊर्जा मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीलगायतको उपस्थिति थियो ।रासस

# सर्वोत्कृष्ट नतिजा हासिल गर्नेगरी कार्यसम्पादन गर्न सञ्चारमन्त्री गुरुङको निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चालु आर्थिक वर्षका लागि तोकिएका वार्षिक लक्ष्यमा उत्कृष्ट नतिजा हासिल गर्नेगरी कार्यसम्पादन गर्न मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।



चालु आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन सम्झौतापछि आइतबार मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिनुहुँदै सञ्चारमन्त्री गुरुङले सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट, आवधिक योजनालगायतबाट निर्धारण भएका लक्ष्य प्राप्त गर्न उत्कृष्ट कार्यसम्पादनसहित सबैले आफ्नो जिम्मेवारी इमानदारिताका साथ पूरा गर्नुपर्ने बताउनुभएको हो ।

मन्त्रालयमा एक औपचारिक कार्यक्रमबीच सञ्चारमन्त्री गुरुङ र सञ्चारसचिव राधिका अर्यालबीच कार्यसम्पादन सम्झौता भएको छ । त्यस्तै, सञ्चारसचिव अर्याल र मन्त्रालयका विभिन्न महाशाखा प्रमुख एवम् मन्त्रालय मातहतका निकायका प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता भएको हो ।कार्यसम्पादन सम्झौतापछि मन्त्रालय र मातहतका कर्मचारीलाई निर्देशन दिनुहुँदै सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "निर्धारण भएका लक्ष्य तोकिएको लागत र समयभित्र सक्नका लागि सामुहिक रुपमा अघि बढ्नुपर्छ ।

एक जनाको प्रयास मात्रै पर्याप्त हुँदैन । सामुहिक प्रयासबाट हामी उत्कृष्ट कार्यसम्पादन गर्न सक्षम हुनेछौं ।"

सरकारले पहिलो सय दिन, दोस्रो सय दिन र त्यसपछिको एक सय ६५ दिनको समीक्षा गर्नेगरी कार्यसम्पादन सम्झौता गरेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री गुरुङले अरु मन्त्रालयभन्दा सञ्चार मन्त्रालयको कार्यसम्पादन उत्कृष्ट साबित हुनेगरी काम गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा उहाँले नेपालको आफ्नै स्याटलाइट आवश्यक रहेको बताउनुहुँदै यसले मुलुकको विकास मापन गर्ने मापदण्डको रुपमा काम गर्ने उल्लेख गर्नुभयो । 'डिजिटल नेपाल फ्रेमवर्क'को प्रभावकारी कार्यान्वयनका लागि पनि सञ्चारमन्त्री गुरुङले निर्देशन दिनुभयो । त्यस्तै, सुरक्षित मुद्रण (सेक्युरिटी प्रिन्टिङ)सम्बन्धी योजनलाई चालु आर्थिक वर्षभित्रै कार्यान्वयनमा लैजाने गरी काम गर्न उहाँको निर्देशन छ ।

"सेक्युरिटी प्रिन्टिङको काम आफै गर्ने भनेर केही काम अघि बढेकोमा अहिले त्यतिकै रोकिएको छ । यो राष्ट्रिय सुरक्षाको कुरा पनि हो । बैंक नोट, हुलाक टिकट, राहदानी, अन्तःशुल्क स्टीकरलगायत छपाइका काम हामी आफै गर्नुपर्छ," गुरुङले भन्नुभयो ।

सुरक्षित मुद्रण केन्द्रमा चाँडै नेतृत्व दिएर अर्को वर्षबाट सुरक्षित मुद्रणका आफैले गर्नसक्ने गरी व्यवस्था मिलाउन पनि उहाँले निर्देशन दिनुभयो । त्यस्तै, कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) सम्बन्धी कानुनी तथा प्राविधिक संयन्त्रको निर्माण र मुलुकको अर्थतन्त्रमा सूचना प्रविधि क्षेत्रको योगदान बढाउने गरी 'डिजिटल इकोनोमी'को अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता सञ्चारमन्त्री गुरुङले औंल्याउनुभयो ।

कार्यसम्पादन सम्झौतापछि सरकारी सञ्चारमाध्यामलाई थप प्रतिस्पर्धी र व्यावसायिक भएर काम गर्न उहाँले निर्देशन दिनुभयो ।

सरकार र मातहतका निकायबाट हुने प्रचारप्रसार र विज्ञापनसम्बन्धी कार्यमा सरकारी सञ्चारमाध्यामलाई प्राथमिकतामा राख्नेगरी योजना बनाईने पनि स्पष्ट पार्नुभयो । सरकारी सञ्चारमाध्यामको जनशक्ति पुनःसंरचना गर्ने र त्यस्ता संस्थाका कर्मचारीलाई तालिम दिने उद्देश्यले सञ्चार क्षेत्रको छुट्टै प्रतिष्ठान स्थापना गर्नेबारे आफू सकारात्मक रहेको पनि सञ्चारमन्त्री गुरुङको भनाइ छ । मन्त्रालय र मातहतका निकायबाट सम्पादन हुने कार्यका लागि आवश्यक पर्ने कानून निर्माणको काम यसैवर्षभित्र गरिसक्ने दाबी उहाँको छ ।

सञ्चारमन्त्री गुरुङसँग कार्यसम्पादन सम्झौतापछि सञ्चारमन्त्री अर्यालले सरकार, मन्त्रालय र मातहतका निकायबाट चालु आर्थिक वर्षका लागि सम्पादन हुने भनि तोकिएका योजना तथा कार्यक्रमको लक्षित नतिजा हासिल गर्न सबैले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो । "हामीले के प्राप्त गर्ने हो, तोकिएको समय र लागतको सीमाभित्र योजनावद्ध रुपमा काम गर्ने प्रतिबद्धता जनाएका छौँ", सचिव अर्यालले भन्नुभयो, "कर्मचारीलाई उत्प्रेरित गर्दै तोकिएको समयभित्र लक्ष्य भेट्ने हो ।

कार्यसम्पादन मूल्याङ्कन भनेको सरकारको आवधिक योजाना, वार्षिक नीति तथा कार्यक्रम बजेटका योजना कार्यक्रमलाई तोकिएको समयसीमाभित्र सक्ने भनेर गरेर दिएको प्रतिबद्धता हो ।" मन्त्रालयभित्र र अन्तरनिकाय समन्वय गर्दै काममा तीव्रता दिने उहाँको भनाइ छ ।

कार्यसम्पादनका क्रममा समस्या देखिएमा समयमै जानकारी गराउन पनि सञ्चार सचिव अर्यालले निर्देशन दिनुभयो । समस्या देखिएका समाधानका लागि आफूले सहजीकरण गर्ने उहाँले उल्लेख गर्नुभयो ।

"दिनदिनै हुने गतिविधिबारे मन्त्रालयलाई जानकारी गराउन आवश्यक नरहेपनि महत्वपूर्ण विषयमा भने जानकारी गराउन पनि निर्देशन दिनुभयो । सेवा प्रवाह गर्ने निकायमा समस्या देखिएमा समयमै जानकारी गराउनुभयो भने त्यसको चाँडो समाधान खोज्न सकिन्छ", उहाँले भन्नुभयो ।सञ्चारसचिव र मन्त्रालयको सञ्चार महाशाखा प्रमुख गजेन्द्रकुमार ठाकुर, सूचना प्रविधि महाशाखा प्रमुख अनिलकुमार दत्त, फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा प्रमुख गौरव गिरी, प्रशासन महाशाखा प्रमुख बाबुराम भण्डारीबीच कार्यसम्पादन सम्झौता भएको छ ।

त्यस्तै, हुलाक सेवा विभागका महानिर्देशक ज्ञानहरि घिमिरे, मुद्रण विभागका महानिर्देशक गोपाल कोइराला, सूचना प्रविधि विभागका महानिर्देशक प्रेमशरण श्रेष्ठबीच पनि कार्यसम्पादन सम्झौता भएको छ ।

त्यस्तै, रेडियो प्रसार सेवा विकास समितिका कार्यकारी निर्देशक अमरध्वज लामा, गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदी, नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष सीमरजङ्ग शाह, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, न्यूनतम पारिश्रमिक निर्धारण समिति अध्यक्ष सङ्गीता खड्का, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, चलचित्र विकास बोर्डका कार्यकारी अध्यक्ष दिनेश डिसी (दिनेशराज दाहाल), नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक सङ्गीता पहाडी (अर्याल)बीच पनि कार्यसम्पादन सम्झौता भएको छ ।रासस

# नेपाल विश्वविद्यालय विधेयकमाथि तल्लो सदनको संशोधनमा राष्ट्रियसभाको सहमति

काठमाण्डु । राष्ट्रियसभाले नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनलाई सहमति प्रदान गरेको छ ।



राष्ट्रियसभाको आइतबारको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले प्रस्तुत गर्नुभएको 'प्रतिनिधिसभाबाट संशोधनसहित फिर्ता आएको नेपाल विश्वविद्यालय विधेयक, २०७९ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनलाई सहमति गरियोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति गरेको हो ।त्यसअघि बैठकमा सो विधेयकका सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनमाथि छलफल भएको थियो ।

प्रतिनिधिसभाबाट यही भदौ २४ गते उक्त विधेयक संशोधनसहित पारित भएको थियो भने विसं २०७९ मङ्सिर २० गते दर्ता भएको सो विधेयक गत असार १८ गते राष्ट्रियसभाबाट पारित भएको थियो ।

सरकारले दक्ष, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्न गैरसरकारी क्षेत्रमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न आवश्यक ठानी सो विधेयक सङ्घीय संसद्मा पेस गरेको थियो । अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको विश्वविद्यालयका रुपमा उक्त संस्था स्थापना गर्न लागिएको विधेयकमा उल्लेख छ ।

त्यसअघि बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७'का सम्बन्धमा त्यहाँबाट प्राप्त सन्देश जानकारी गराई टेबुल गर्नुभएको थियो ।बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'विकास आर्थिक मामिला तथा सुशासन समितिको आव २०८०/८१ को वार्षिक प्रतिवेदन' र सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम गेल्जेन शेर्पाले 'सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन' पेस गर्नुभयो ।

सभामा अध्यक्ष नारायणप्रसाद दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा जानकारी गराउनुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही भदौ ३१ गते अपराह्न १ः१५ बजे बस्नेछ ।रासस

# मन्त्री भण्डारीद्वारा मन्त्रालयका सचिवसँग कार्यसम्पादन सम्झौता

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले मन्त्रालयका उद्योग सचिव कृष्णबहादुर राउत र वाणिज्य सचिव गोविन्द कार्कीसँग आइतबार कार्यसम्पादन सम्झौता गर्नुभएको छ ।

मन्त्रालयका सबै कर्मचारीसहितको बैठकमा कार्यसम्पादन सम्झौता गर्दै मन्त्री भण्डारीले सबै मन्त्रालयभन्दा उत्कृष्ट जोड दिनुभयो ।

मन्त्री भण्डारीले दृढ इच्छाशक्ति भए आइपर्ने सबै कामलाई साझा रुपले समाधान गर्न सकिने धारणा राख्नुभयो । "यो कार्यसम्पादन सम्झौता परम्परागत हिसाबले गर्नुछ भनेर गरिएको होइन, वास्तविक रुपमा नतिजा देखिने गरी काम गर्ने उद्देश्यले गरेका हौँ", उहाँले भन्नुभयो ।

वर्तमान अवस्थामा



बनाउने गरी काम गर्नुपर्नेमा जोड दिनुभएको उहाँका स्वकीय सचिव आनन्द भट्टले जानकारी दिनुभयो । मन्त्री भण्डारीले भन्नुभयो, "इमान्दारिपूर्वक आफ्नो दायित्व र जिम्मेवारी सम्झेर आजका विद्यमान समस्या समाधान गर्दै नागरिकमैत्री सेवा प्रवाहमा जुट्न आग्रह गर्दछु ।" सबैले साझा प्रतिबद्धता गरेर दायित्व र जिम्मेवारी पूरा गर्नुपर्नेमा उहाँले विभिन्न चुनौतीहरु रहेकाले सबै एकजुट भएर चुनौतीको सामना गर्नुपर्ने बताउँदै मन्त्री भण्डारीले जिम्मेवारीबाट पन्छिने छुट कसैलाई नरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "काम गर्ने क्रममा चाहेर वा नचाहेर पनि समस्या आइपर्छन्, त्यस्ता आइपर्ने समस्यालाई इमान्दारितापूर्वक जनताप्रति उत्तरदायी भएर सहज रुपले समाधान गर्दै जानुपर्छ ।रासस

# 'प्रसारणलाइनको क्षमता विस्तारमा सरकार लागिरहेको छ'

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् उत्पादनसँगै प्रसारणलाइनको क्षमता विस्तारमा सरकार लागिरहेको बताउनुभएको छ ।



सुदूरपश्चिम सरोकार मञ्चकोतर्फबाट प्रतिनिधिसभामा दार्चुला र बझाङ जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसद तथा विभिन्न राजनीतिक दलले आइतबार बुझाएको ज्ञापनपत्र बुझ्दै ऊर्जामन्त्री खड्काले विद्युत्को प्रसारणलाइनको क्षमता बढाउने गरी सरकारले काम गरिरहेको उल्लेख गर्नुभयो ।

"विद्युत् उत्पादनसँगै प्रसारणलाइनको समस्या देशभर छ", उहाँले भन्नुभयो, "उक्त समस्यालाई समाधान गर्न प्रसारणलाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिनेगरी कानुनी व्यवस्था गर्दैछौँ ।"

ऊर्जामन्त्री खड्काले जलविद्युत् केन्द्र र प्रसारणलाइन निर्माणका क्रममा देखिएका वन र जग्गा प्राप्तिसम्बन्धी समस्या समाधान गर्न सरकारले नीतिगत तहबाट काम गरिरहेको उल्लेख गर्नुभयो ।

दार्चुला, बझाङ, बाजुरा, अछामलगायत सुदूरपश्चिममा उत्पादित विद्युत्को आन्तरिक खपतसँगै बाँकी भारतमा निर्यात गर्नेगरी सरकारले क्षमता विस्तार गर्न लागेको उहाँले स्पष्ट पार्नुभयो । ऊर्जामन्त्री खड्काले आगामी १० वर्षभित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सरकारले लिएकाले उक्त लक्ष्यलाई पूरा गर्न बाधा पर्ने ऐन, कानुन, नीतिनियमलाई परिमार्जन गरेर अगाडि बढ्न खोजिएको उल्लेख गर्नुभयो । उहाँले एक वर्षभित्र सुदूरपश्चिमका ग्रामीण भूभागमा विद्युतीकरण गर्नेगरी सरकारले काम गरिरहेको जानकारी दिनुभयो ।

दार्चुलाबाट प्रतिनिधित्व गर्ने सांसद एवं पूर्वमन्त्री दिलेन्द्रप्रसाद बडूले सुदूरपश्चिम प्रदेशमा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई छिमेकी मुलुक भारतमा निर्यात गर्नका लागि यथाशीघ्र प्रसारणलाइन निर्माण गरिदिन आग्रह गर्नुभएको थियो ।

उहाँले आगामी १० वर्षभित्र १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने सहमति भइसकेकाले चमेलिया नदी जलाधार, सेती नदी जलाधार क्षेत्रमा निर्माण सम्पन्न गर्न पहल गरिदनुपर्ने आग्रह गर्नुभयो । साथै निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित करिब दुई सय मेगावाट विद्युत् भारत निर्यात गर्न सकिने भएकाले सोहीअनुसार संरचना निर्माण गर्न बडूले सरकारसमक्ष माग गर्नुभयो । रासस

# "सदनमा गैरसंवैधानिक शब्द प्रयोग नगरौं"

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रेनु चन्दले आफ्नो पार्टीले नेतृत्व गरेको सशस्त्र सङ्घर्षलाई गलत नियतका साथ 'हिंसा'का रुपमा अर्थ्याइनु गैरसंवैधानिक भएको दाबी गर्नुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकको विशेष समयमा उहाँले जनताले आफ्ना अधिकारका लागि सङ्घर्ष गर्नुलाई हिंसा मान्न नसकिने बताउनुभयो ।

"आफ्नो अधिकारका लागि युद्ध गर्नु हिंसा होइन । जनताले लडेको युद्ध कहिल्यै हिंसा हुन सक्दैन", सांसद चन्दले भन्नुभयो, "गरिमामय संसदमा असंवैधानिक शब्दको प्रयोग गर्न पाइँदैन, पटकपटक जनयुद्धको अपमान गर्ने कार्य बन्द गर्नुहोस् ।"नेपाली कांग्रेसकी सांसद विष्णुकुमारी सापकोटाले सत्ता मोह त्यागेर




आमनागरिकका समस्या समाधानमा केन्द्रित हुन राजनीतिक दल र सरकारलाई आग्रह गर्नुभयो ।

स्वदेशमा पर्याप्त रोजगारीका अवसर नहुँदा युवा पलायन बढेको उल्लेख गर्दै उहाँले युवा उद्यमशीलताका कार्यक्रम ल्याउन सरकारसँग माग गर्नुभयो ।

माओवादी केन्द्रका सांसद नरबहादुर विष्टले नेपालगञ्जस्थित कर्णाली प्रदेश तालिम केन्द्रलाई यथाशीघ्र प्रदेश राजधानी सुर्खेतमा स्थानान्तरण गर्न सरकारको ध्यानर्कषण गराउनुभयो । बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद इन्दिरादेवी गौतम चाडपर्व नजिकिँदै गरेको अवस्थामा सडक यात्रालाई थप सुरक्षित बनाउने योजना ल्याउन सरकारलाई सुझाव दिनुभयो ।रासस

# फेडले सन् २०२० पछि पहिलो पटक ब्याजदर कटौती गर्ने सङ्केत

एएफपी

वासिङ्टन । अमेरिकी फेडरल रिजर्भले बुधबार चार वर्षभन्दा बढी अवधिपछि पहिलो पटक ब्याजदर कटौतीको घोषणा गर्ने तयारी गरेको छ ।नीति निर्माताहरूले अमेरिकी राष्ट्रपतिको निर्बाचनभन्दा दुई महिनाभन्दा कम समयअघि ब्याजदरमा कति कटौती गर्न सकिन्छ यसबारे यो साता बहस गर्ने अपेक्षा गरिएको छ।



फेडका अध्यक्ष जेरोम पावेललगायत अमेरिकी केन्द्रीय बैंकका वरिष्ठ अधिकारीहरूले हालैका हप्ताहरूमा यस महिना ब्याजदर कटौती हुने सङ्केत गरेका छन् । मुद्रास्फीति बैङ्कको दीर्घकालीन लक्ष्य दुई प्रतिशतको लक्ष्यभन्दा कम भएको छ, र श्रम बजार चिसो भइरहेको अवस्थामा उनीहरूले यो बहस थालेका हुन् ।स्थिर मूल्य र अधिकतम दिगो रोजगारी दुवै सुनिश्चित गर्न स्वतन्त्र रूपमा कार्य गर्न काङ्ग्रेसबाट दोहोरो जनादेश पाएको फेडले केवल आर्थिक तथ्याङ्कको आधारमा दर कटौतीमा आफ्नो निर्णय लिने बारम्बार जोड दिँदै आएको छ।

बुधबारको कटौतीले पावेलका लागि टाउको दुखाइको विषय बन्न सक्छ, किनकि वर्तमान डेमोक्र्याटिक उपराष्ट्रपति कमला ह्यारिस पूर्व रिपब्लिकन राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध प्रतिस्पर्धा गर्ने राष्ट्रपतीय निर्वाचनको केही समय अघि हुनेछ, जसमा पूर्व रिपब्लिकन राष्ट्रपति डोनाल्ड ट्रम्प वर्तमान डेमोक्र्याटिक उपराष्ट्रपति कमला ह्यारिसविरुद्ध प्रतिस्पर्धा गर्नुहुनेछ ।

नर्थईस्टर्न युनिभर्सिटीमा अर्थशास्त्रकी सहायक प्रोफेसर एलिसिया मोडेस्टिनोले एएफपीसँग भन्नुभयो, “मेरो विचारमा फेडले उनीहरूलाई राजनीतिक भूमिकाभन्दा अराजक गतिविधिमा उद्दत देख्छ ।”

यस हप्ताको मङ्गलबार र बुधबार नीति निर्माताहरूबीच हुने बहस २५ वा ५० बेसिस प्वाइन्टले अगाडि बढ्ने कि नबढ्ने भन्नेमा केन्द्रित हुनेछ ।यदि फेडले दर कटौती गर्ने निर्णयमा अघि बढेमा यो अमेरिकी केन्द्रीय बैङ्क ( फेड)को २०२० मार्चपछिको ब्याजदर कटौती गर्ने पहिलो निर्णय हुनेछ । फेडले कोभिड-१९ महामारीबाट प्रभावित अमेरिकी अर्थव्यवस्थालाई समर्थन गर्न दरहरू लगभग शून्यमा झारेको थियो।

फेडले मुख्यतया महामारीपछिको आपूर्ति सङ्कट र युक्रेनमा युद्धको कारण सन् २०२२ मा मुद्रास्फीतिमा वृद्धिपछि दरहरू बढाउन सुरु गरेको थियो ।विगत १४ महिनादेखि बैङ्कले आफ्नो मुख्य ऋण दरलाई ५.२५ देखि ५.५० प्रतिशतको बीचमा दुई दशकको उच्च विन्दुमा राखेको छाअहिले मुद्रास्फिति घट्दो क्रममा रहेको, श्रम बजार चिसो हुँदै गएको र अमेरिकी अर्थतन्त्र अझै बढ्दै गएको अवस्थामा नीति निर्माताहरूले कटौतीका लागि उपयुक्त अवस्था रहेको निर्णय गरेका छन्।

नीति निर्माताहरूले २५ अङ्क वा श्रम बजारको लागि उपयोगी हुने ५० अङ्कको कटौती गर्ने लिनेछन्। ब्याजदर वृद्धिले मुद्रास्फीतिलाई पुनरुत्थान गर्ने जोखिम पनि हुन सक्नेमा उनीहरू अझै दोधारमा छन्।फेडरल रिजर्भ बैङ्क अफ बोस्टनका वरिष्ठ अर्थशास्त्री रहेका मोडेस्टिनोले भन्नुभयो, “मलाई लाग्छ, नोभेम्बरको बैठकअघि नै हामी रोजगारीको पक्षमा सङ्कटमा छौं भन्नका लागि पर्याप्त तथ्याङ्क छैन ।”विश्लेषकहरूले सानो कटौतीलाई सुरक्षित शर्तको रूपमा हेर्छन्।

बैंक अफ अमेरिकाका अर्थशास्त्रीहरूले हालै ग्राहकहरूलाई पठाएको नोटमा लेखेका छन्, “फेडले २५ अङ्कको कटौती गर्ने अपेक्षा हामीले गरेका छौं।नर्थईस्टर्नका मोडेस्टिनोले भन्नुभयो, “फेडले गर्ने पूर्वानुमाने बजार, उपभोक्ता र श्रमिकको लागि राम्रो हुनुपर्छ। ”उहाँले भन्नुभयो, “अहिले आधारभूत २५ अङ्कको कटौती, त्यसपछि नोभेम्बरमा अर्को २५ अङ्कको कटौतिले अर्थतन्त्रका लागि केही सहज मार्ग प्रदान गर्दछ ।विश्लेषकहरूले फेडले सेप्टेम्बरमा कटौती सुरु गर्ने अपेक्षा गरे तापनि अब के हुन्छ भन्ने बारे कम स्पष्टता रहेको बताएका छन्।

फेडले बुधबार आफ्नो १९ सदस्यीय दर-निर्धारण समितिमा उनीहरूको दर कटौती अपेक्षासहित अद्यावधिक आर्थिक पूर्वानुमानहरू प्रकाशित गर्नेछ र यस विषयमा थप प्रकाश पार्नेछ । जूनमा, दर-निर्धारण समितिमा सदस्यहरूले मुद्रास्फीतिमा सानो वृद्धिको बीचमा यस वर्षको लागि तय गरिएको कटौतीको सङ्ख्या तीनको औसतबाट घटाएर केवल एकमा झारेका थिए, तर मुद्रास्फिति घटेको र श्रम बजार कमजोर हुँदै गएपछि थप कटौतीको अपेक्षा बढेको छ ।

गोल्डम्यान स्याक्सका प्रमुख अर्थशास्त्री यान ह्याटजियसले बिहीबार प्रकाशित ग्राहकहरूलाई लेखेको नोटमा भन्नुभएको छ, “हामीले २०२४ को बाँकी बैठकहरूमा २५-२५ अङ्कको तीन वटा दर कटौतीको अपेक्षा गरेका छौं।

व्यापारीहरूले पनि सन् २०२५ कम्तिमा थप चार पटकको कटौतीको लागि ९९ प्रतिशत भन्दा बढी सम्भावना रहेको बताएका छन् । यसले फेडको प्रमुख ब्याजदरलाई वर्तमान स्तरभन्दा १७५ अङ्क तल अर्थात् ३.५ र ३.७५ प्रतिशतको बीचमा ल्याउनेछ ।

# ‘स्पेसएक्स’ फ्लोरिडाको तटमा अवतरण

एएफपी

वासिङ्टन । ‘स्पेसएक्स पोलारिस डन’ मिसनमा गएका दुई अन्तरिक्ष यात्रीले निजी अन्तरिक्ष यानबाट पृथ्वीको करिव ७०० किलोमिटर माथि अन्तरिक्षमा पाइला टेकेर (स्पेसवाक गरी) इतिहास रचेपछि फर्केको अन्तरिक्ष यान आइतबार बिहान फ्लोरिडाको सामुद्रिक तटमा अवतरण गरेको छ ।



ड्र्यागन अन्तरिक्ष यान स्थानीय समयअनुसार आइतबार बिहान ३:३७ बजे समुद्रमा अवतरण भएको थियो । अवतरणपछियान र चालक दलको उद्धारका लागि उद्धारकर्ताको टोली तैनाथ गरिएको थियो ।

यानलाई पानीबाट निकालेको आधा घण्टापछि उद्धारका लागि तैनाथ गरिएको जहाजमा राखी स्टेसनतर्फ लगिएको छ ।

चालक दलका सदस्य तथा स्पेसएक्सका इन्जिनियर अन्ना मेनन यानबाट सबैभन्दा पहिला निस्कनुभएको थियो भने त्यसपछि क्रमशः इन्जिनियर सारा गिलिस, चालक स्कट पोटेट र कमान्डर जारेड आइज्याकम्यान देखिनुभएको थियो ।

वित्तीय प्रविधि (फिनटेक) का अरबपति आइज्याकम्यानको नेतृत्वमा चार सदस्यीय टोलीले गत मङ्गलबार केनेडी स्पेस सेन्टरबाट अन्तरिक्ष यात्रा तय गर्नुभएको थियो ।

टोली नेता आइज्याकम्यानले ‘स्काइवाकर’ नामक संरचनामा टेकेर पृथ्वीको रोचक दृश्य हेर्दै ‘स्पेसवाक’ गर्नुभएको थियो ।

उहाँ केही मिनेटपछि फर्किनुभएपछि दोस्रो अन्तरिक्ष यात्री, स्पेसएक्स इन्जिनियर गिलिसले पनि ‘स्पेसवाक’ गर्नुभएको थियो ।

नासाका प्रमुख बिल नेल्सनले यो मिशनले व्यावसायिक अन्तरिक्ष उद्योगका लागि ‘ठूलो छलाङ’ भएको साथै स्पेसएक्सका लागि अर्को विजयी उपलब्धि भएको पनि बताउनुभयो ।

वित्तीय प्रविधि फिनटेकका अर्बपति आइज्याकम्यानको नेतृत्वमा गएको चार सदस्यीय टोलीले गत आधा शताब्दीमा खतरनाक भ्यान एलेन विकिरण क्षेत्रमा प्रवेश गर्दै ब्रह्माण्डको गहिराइमा यात्रा गरेको हो ।

अपोलो मिसनपछि पृथ्वीबाट मानवले यात्रा गरेको यो अहिलेसम्मकै सबैभन्दा टाढाको अन्तरिक्ष केन्द्रभन्दा तीन गुणा बढी अर्थात् ८७० माइल (१,४०० किलोमिटर) को उचाइमा पुगेको थियो ।

# ‘च्यानल पार गर्ने क्रममा आठ आप्रवासीको मृत्यु’ : फ्रान्सेली अधिकारी

एएफपी

लिले । फ्रान्सबाट इङ्ल्यान्ड जाने च्यानल (इङ्लिस च्यानल) पार गर्ने क्रममा शनिबारदेखि आइतबारसम्म कैयौँ आप्रवासीको मृत्यु भएको फ्रान्सेली अधिकारीले बताएका छन् ।



“च्यानल पार गर्ने क्रममा कम्तीमा आठ आप्रवासीको ज्यान गुमेको छ,” पास-डे-क्यालाइस प्रान्तका अधिकारीले बताए । क्षेत्रीय प्रमुख ज्याक बिलान्टले स्थानीय समयअनुसार बिहान १० बजे पत्रकार सम्मेलन गर्ने कार्यक्रम रहेको उहाँको कार्यालयले जनाएको छ ।

तटीय सुरक्षा अधिकारीहरूले शनिबार दिएको जानकारीमा आप्रवासीहरूले हालैका दिनहरूमा साना डुङ्गाहरूको प्रयोग गरी खतरनाक च्यानल पार गर्ने धेरै प्रयासहरू गरेका थिएभने शुक्रबार र शनिबार मात्र २४ घण्टामा २०० जनालाई उद्धार गरिएको छाफ्रान्सको उत्तरी तटीय क्षेत्रमा यसै महिना दर्जनौं मानिस बोकेको डुङ्गा पल्टिँदा कम्तीमा १२ आप्रवासीको मृत्यु भएको छ ।उक्त मार्गमा सन् २०२३ मा १२ जनाको मृत्यु भएकोमा सन् २०२३ मा २५ जनाको मृत्यु भएको थियो भने शुक्रबार र शनिबार भएको यो घटना यस वर्षको सबैभन्दा घातक विपत्ति हो ।

फ्रान्स र बेलायती सरकारले वर्षौंदेखि आप्रवासीहरूको प्रवाह रोक्न कोसिस गर्दै आएका छन् ।

सानो डुङ्गामा चढेर फ्रान्सबाट इङ्ल्यान्ड जानका लागि आप्रवासीहरूले तस्करहरूलाई प्रतिव्यक्ति हजारौं युरो तिर्छन्।बेलायती अधिकारीहरुका अनुसार यो वर्षको सुरुदेखि अहिलेसम्म २२ हजारभन्दा बढी आप्रवासी च्यानल पार गरेर इङ्ल्याण्ड आइपुगेका छन् ।

# हाइटीमा ट्र्याङ्कर विस्फोट हुँदा २४ जनाको मृत्यु

एएफपी

पोर्ट-ओ-प्रिन्स । दक्षिण-पश्चिम हाइटीमा शनिबार एउटा ट्र्याङ्कर विस्फोट हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।



मिरागोएनमा भएको विस्फोटमा परी करिब ४० जना घाइते भएका छन् भने केहीको शरीरका अधिकांश भाग जलेको हाइटीको नागरिक सुरक्षा निकायका प्रमुख इमानुएल पियरेले एएफपीसँग बताउनुभयो । पियरेका अनुसार उद्धारकर्ताले विस्फोटस्थल नजिकै जलेका थप आठ शव फेला पारेपछि मृतकको संख्या २४ पुगेको हो । यसअघि शनिबार दिइएको जानकारीमा दुर्घटनाका कारण १६ जनाको मृत्यु भएको जनाइएको थियो । घाइतेहरूलाई राजधानी पोर्ट-ओ-प्रिन्सबाट करिब १०० किलोमिटर पश्चिममा रहेको बन्दरगाह शहर मिरागोएनस्थित सेन्ट थेरेसी अस्पतालमा उपचारका लागि लगिएको छ भने छ जनालाई पोर्ट-ओ-प्रिन्सको विशेषज्ञ अस्पतालमा लगिएको थियो।अन्य १३ जनाको शरीरको ८० प्रतिशत भन्दा बढी जलेको कारण यातायात असम्भव भएकाले सेन्ट थेरेसी अस्पतालमा नै उपचार भइरहेको छ ।

# आप नेता केजरीवालले पदबाट राजीनामा दिने

एएनआई

नयाँदिल्ली । दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवालले दुई दिनपछि मुख्यमन्त्री पदबाट राजीनामा दिने आइतबार घोषणा गर्नुभएको छ ।

उहाँले दिल्लीका जनताले आफूलाई ‘इमानदार’ प्रमाणित नगरेसम्म मुख्यमन्त्रीको कुर्सीमा नबस्ने बताउनुभएको छ । यदि जनताले आफूलाई भोट दिए भने यो आफ्नो ‘ इमान्दारिता’को प्रमाण पत्र हुने उहाँले बताउनुभयो । आम आदमी पार्टी (आप) को कार्यालयमा पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै मुख्यमन्त्री अरविन्द केजरीवालले भन्नुभयो, “म दुई दिनपछि मुख्यमन्त्री पदबाट राजीनामा दिन गइरहेको छु। जनताले आफ्नो निर्णय नदिएसम्म म मुख्यमन्त्रीको कुर्सीमा बस्ने छैन । म हरेक घर र गल्लीमा जान्छु तर जनताबाट निर्णय नआएसम्म मुख्यमन्त्रीको कुर्सीमा बस्ने छैन ।”



उहाँले अगाडि भन्नुभयो, “निर्वाचन केही महिनापछि हुन्छ । यदि तपाईंलाई केजरीवाल इमानदार लाग्छ भने मलाई भोट दिनुहोस् र लाग्दैन भने नदिनुहोस् । म चुनावबाट अनुमोदित भएपछिमात्र मुख्यमन्त्रीको रूपमा कार्यभार सम्हाल्नेछु। तपाईंको मत मेरो इमान्दारिताको प्रमाण हुनेछ ।”दुई दिन पहिले जेलबाट जमानतमा रिहा हुनुभएका मुख्यमन्त्री केजरीवालले भन्नुभयो, “आगामी फेब्रअरीमा निर्वाचन हुने बताइएको छ । म महाराष्ट्रको चुनावसँगै नोभेम्बरमा चुनाव हुनुपर्ने माग गर्दछु।”

“निर्वाचन नहुञ्जेलसम्मका लागि पार्टीबाट अर्को कोही मुख्यमन्त्री बन्ने र यसका लागि आगामी दुई वा तीन दिनमा विधायकहरूको बैठक बस्नेछ र बैठकले अर्को मुख्यमन्त्रीको निर्णय गर्नेछ,”उहाँले भन्नुभयो । केजरीवालले केन्द्र सरकारले भाजपाले चुनाव हारेका राज्यका मुख्यमन्त्रीविरुद्ध मुद्दा दायर गर्ने सूत्र अपनाएको आरोप पनि लगाउनुभयो । उहाँले राजिनामाबारे आफूमाथि उठाइएको प्रश्नबारे भन्नुभयो, “केजरीवालले जेलबाट किन राजीनामा नदिएको भनेर प्रश्न उठेको छ । मैले लोकतन्त्र बचाउन चाहन्थेँ त्यसैले राजीनामा नदिएको हुँ ।”

दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवाल शुक्रबार राति तिहाड जेलबाट छुटेपछि शनिबार पार्टीका वरिष्ठ नेताहरूसँग बैठक गर्नुभएको र आइतबार पार्टी कार्यालयमा उपस्थित हुनुभएको हो । सर्वोच्च अदालतले दिल्लीको कथित मदिरा नीति प्रकरणसँग सम्बन्धित भ्रष्टाचारको मुद्दामा उहाँलाई जमानत दिएको केही घण्टापछि शुक्रबार साँझ उहाँ तिहाड जेलबाट रिहा हुनुभएको थियो ।

# म्यान्मामा हावाहुरी र बाढीबाट मृत्यु हुनेको संख्या ७४ पुग्यो

एएफपी

याङ्गुन । म्यान्माको यागी आँधीका कारण मृत्यु हुनेको संख्या ७४ पुगेको सरकारी सञ्चारमाध्यमले आइतबार जनाएका छन् ।

म्यान्मा, भियतनाम, लाओस र थाइल्याण्डमा गत साता आएको ‘ यागी’ नाम दिइएको आँधीका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा ३५० जनाको मृत्यु भएको सरकारी तथ्याङ्कले देखाएको छ ।म्यान्मामा भागलगायत मध्य क्षेत्रका केही भाग डुबानमा परेका छन् ।

पहाडी क्षेत्रमा धेरै स्थानमा पहिरो गएका खबर आएको छ । त्यहाँ सडक र पुलमा क्षति पुगेको छ भने फोन तथा इन्टरनेटको लाइन बन्द हुँदा सूचना सङ्कलन गर्न कठिन भएको छ ।मध्य र दक्षिणी म्यान्मा हुँदै बग्ने सिताउङ र बागो नदीमा पानीको सतह आइतबार पनि खतराको तहभन्दा माथि रहेको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।म्यान्माका अधिकारीहरूले



शुक्रबार साँझसम्म बाढीका कारण ७४ जनाको मृत्यु हुनुका साथै ८९ जना बेपत्ता भएको ग्लोबल न्यू लाइट अफ म्यान्माले जनाएको छ ।

सन् २०२१ मा सेनाको ‘कू’ पछि युद्ध चर्किरहेको देशलाई बाढीले थप दुःख दिएको छ । बाढीले ६५ हजारभन्दा बढी घरमा क्षति पुर्‍याएको, पाँचवटा बाँध भत्काएको विज्ञप्तिमा उल्लेख छ ।शुक्रबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार जुन्तामा यसअघि ३३ जनाको मृत्यु भएको थियो भने दुई लाख ३५ हजारभन्दा बढी मानिस विस्थापित भएका थिए ।राजधानी न्यापितको बाहिरी विस्थापितलाई राख्नका लागि ८२ वटा ‘राहत शिविरहरू’ खोलेको सरकारी सञ्चार माध्यमहरूले जनाएका छन्।

थाइल्याण्डको मौसम कार्यालयले मेकोङ नदीको छेउछाउका प्रान्तहरूमा थप भारी वर्षाको चेतावनी दिएको छाद्वन्द्वका कारण २७ लाखभन्दा बढी मानिस विस्थापित भएको म्यान्मामा आँधीका कारण आएको बाढी र डुबानले थप सङ्कट निम्त्याएको छ । म्यान्मारको जुन्टा प्रमुखले बाढीसँग जुध्नका लागि विदेशी सहयोगका लागि दुर्लभ अनुरोध गरेको सरकारी सञ्चारमाध्यमले शनिबार जनाएका छन् ।

# उत्तर कोरिया किएभका लागि ‘सबैभन्दा ठूलो’ खतरा : युक्रेनी गुप्तचर प्रमुख

एएफपी

किएभ । उत्तर कोरियाले रूसलाई प्रदान गर्दै आएको ठूलो परिमाणको गोलाबारुदसहितको सैन्य सहायता युक्रेनका लागि सबैभन्दा हानिकारक रहेको युक्रेनी गुप्तचर प्रमुख किरिलो बुडानोभले शनिबार बताउनुभएको छ ।



भिक्टर पिन्चुक फाउन्डेसनले किएभमा आयोजना गरेको सम्मेलनमा उहाँले रूसका अन्य सहयोगी इरान र चीनको समर्थनबारे सोधिएको प्रश्नको जवाफ दिँदै भन्नुभयो, “रूसका सबै मित्रराष्ट्रमध्ये हाम्रो लागि सबैभन्दा ठूलो समस्या उत्तर कोरियाबाट आएको छ । उनीहरूले आपूर्ति गर्ने सैन्य उत्पादनहरूको मात्राले वास्तवमा युद्धको तीव्रतालाई असर गर्छ,” बुडानोभले भन्नुभयो । उत्तर कोरियाली नेता किम जोङ उनले उत्तर कोरिया भ्रमणका क्रममा सुरक्षा प्रमुख सेर्गेइ शोइगुसँगको वार्ताका क्रममा रूससँग सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरेका बेला युक्रेनी गुप्तचर प्रमुखले यस्तो टिप्पणी गर्नुभएको हो ।

किएभले प्योङ्याङबाट मस्कोसम्म हतियार आपूर्तिको निगरानी गरिरहेको छ र युद्धभूमिमा यसको प्रभाव महसुस गरिरहेको छा“यसको प्रत्यक्ष सम्बन्ध छ । रूसका सहयोगीहरूले ठूलो परिमाणमा तोपखाना र गोलाबारुद आपूर्ति गरिरहेका छन् । यो रूसका लागि आवश्यक र महत्वपूर्ण छ

> उत्तर कोरियाली नेता किम जोङ उनले उत्तर कोरिया भ्रमणका क्रममा सुरक्षा प्रमुख सेर्गेइ शोइगुसँगको वार्ताका क्रममा रूससँग सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरेका बेला युक्रेनी गुप्तचर प्रमुखले यस्तो टिप्पणी गर्नुभएको हो ।

बुडानोभले भन्नुभयो । विदेशी सहायताबाहेक मस्कोले आफ्नो इस्कान्डर क्षेप्यास्त्रको विकास र उत्पादन वृद्धिसहित आफ्नै हतियारमा पनि लगानी गरिरहेको छ ।बुडानोभले भन्नुभयो, “हामीले अहिले स्पष्ट रूपमा इस्कान्डर-एमको व्यापक प्रयोग देखिरहेका छौँ।”

“रूसको निर्देशित बम एक ठूलो समस्या हो। यसको उत्पादन धेरै गुणाले वृद्धि भएको छ,” बुडानोभले भन्नुभयो।हवाई बममा करिब आधा टन विस्फोटक पदार्थ राखिएको छ र यसलाई अझ टाढाबाट खसाल्न सकिन्छ, जसले गर्दा रुसी विमानहरू हवाई प्रतिरक्षाबाट जोगिन सक्छन्। निरन्तर रुसी आक्रमणको सामना गर्न, किएभले आफ्नै हतियार उत्पादनको विकाससँगै पश्चिमी सहयोग बढाउन आग्रह गरिरहेको छ।

मस्कोसँग प्रत्यक्ष मुठभेड हुन नदिन पश्चिमा मित्रराष्ट्रहरूले युक्रेनलाई सहयोग बढाउन युद्धभरि हिचकिचाएका छन्।संयुक्त राज्य अमेरिका र बेलायतले अब युक्रेनलाई रूसको भित्री भागमा रहेका लक्ष्यहरूमा आक्रमण गर्न लामो दूरीका हतियारहरू प्रयोग गर्न दिने वा नदिने बारे विचार गरिरहेका छन् ।

बुडानोभले भन्नुभयो, “अब योभन्दा तनाब बढ्ने ठाउँ नै छैन । अवस्थालाई योभन्दा अझ खराब बनाउने केही बाँकी छैन।”

बुडानोभका अनुसार रूसले सम्भावित आर्थिक समस्याका, आंशिक रूपमा पश्चिमी प्रतिबन्ध र सैन्य परिचालनको नयाँ लहरको आवश्यकताका कारण सन् २०२६ अगावै युक्रेनसँगको युद्ध अन्त्य गर्ने प्रयास गर्नेछ ।

उहाँले रूससँगको लडाईं जारी राख्ने प्रतिवद्धता व्यक्त गर्दै भन्नुभयो, “हामी आफ्नो भूमिका लागि लडिरहेका छौं, हामीसँग लड्नुको अरु कुनै विकल्प छैन।”

# चक्लाबन्दीपछि बाँझो जग्गा हराभरा



गलकोट । बागलुङमा एक हजार आठ सय ५० रोपनी जग्गा चक्लाबन्दी गरिएको छ । चक्लाबन्दीमा गरिएको फलफूलखेतीले अधिकांश बाँझो जग्गा हराभरा हुन थालेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत बाँझो जग्गाको सदुपयोग तथा जग्गाको उपयोगिता बढाउन गरिएको चक्लाबान्दी कार्यक्रम प्रभावकारी बनेको छ ।

तरकारीखेती बाहेक ओखर, कागती, सुन्तला, स्याउ र किबीखेती अधिकांश बाँझो जग्गा सदुपयोग गरी चक्लाबान्दी कार्यक्रमअन्तर्गत विस्तार गरिएको छ । बागलुङमा बाँझो जग्गाको उपगोगिता बढाउन ल्याइएको चक्लाबान्दी कार्यक्रम सफल भएको छ । चक्लाबन्दी कार्यक्रमअन्तर्गत चार वर्षयता सुन्तला एक सय ४० रोपनी, ओखर चार सय ४०, तरकारी चार सय, कागती दुई सय ५०, स्याउ पाँच सय ४० र किबी ८० रोपनी क्षेत्रफलमा विस्तार गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका निमित्त प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । चक्लाबन्दीमा खेती गरेको तरकारी र सुन्तलाबोहक अन्य जग्गा खेतीयोग्य भएर पनि बाँझो रहेको उहाँले बताउनुभयो ।

"एउटा चक्लाबन्दी कार्यक्रमका लागि रु १० लाख खर्च हुन्छ, १५ स्थानमा चक्लाबन्दी सम्पन्न भइसकेको छ, चालु आर्थिक वर्षमा तीन स्थानमा चक्लाबन्दीका लागि रु ३० लाख बजेट विनियोजन भइसकेको छ", निमित्त प्रमुख पौडेलले भन्नुभयो, "ओखरसहित फलफूलखेतीको अधिकांश खेतीयोग्य जग्गा पछिल्लो समय बाँझो रहेको थियो, अहिले त्यही बाँझो जग्गामा चक्लाबन्दीका कारण कागती, स्याउ तथा ओखरका बिरुवा हुर्किरहेका छन् ।"

चक्लाबन्दीका कारण कृषिमा आधुनिकीकरण गर्न सकिने, यन्त्रको प्रयोगले खेती गर्न सकिने र धेरै उत्पादन गर्दा बजारको समस्या नहुने भएकाले किसान चक्लाबन्दीमा आकर्षित भएका हुन् । चक्लाबन्दी कार्यक्रमअन्तर्गत जैमिनी नगरपालिका-२ मा सुन्तलाखेती, महाशिला गाउँपालिका-१, बागलुङ नगरपालिका-९ र जैमिनी नगरपालिका-३ मा ओखरखेती, बागलुङ नगरपालिका-८ सिगाना, जलजला गाउँपालिका-७ र कुश्मा नगरपालिका-११ मा तरकारीखेती, ढोरपाटन नगरपालिका-९ स्थित नवी, मसलगायत गाउँमा स्याउखेती, बागलुङ नगरपालिका-१२ मा कागतीखेती र निसीखोला गाउँपालिका-४ थापागाउँमा किबीखेती विस्तार गरिएको छ ।

बाँझो जग्गालाई एउटै पलट बनाउने, जग्गाको खण्डीकरण मिलाउने र एकल बाली लगाउने कामलाई चक्लाबन्दीका रूपमा लिने गरिन्छ । बाँझो जग्गामा एकीकृत खेती गर्न किसानलाई चक्लाबन्दी कार्यक्रमले आकर्षित गरेको ढोरपाटन नगरपालिका-९ का चिरनकुमार घर्तीले बताउनुभयो । बाँझिन थालेको एक सय रोपनी जग्गा चक्लाबन्दी गरेर एक हजार दुई सय स्याउका बिरुवा लगाएको बताउनुभयो ।

बसाइँसराइले क्रमशः गाउँका जग्गा बाँझो पल्टिने, जग्गाको खण्डीकरणका कारण यन्त्रिकीकरण गर्न नसकिने तथा एकल बालीका लागि उपयुक्त जग्गाको अभावका कारण चक्लाबन्दीको योजना ल्याइएको छ । चक्लाबन्दी कार्यक्रममा समावेश हुनका लागि फर्मको ६० रोपनी र समूहको एक सय रोपनीभन्दा माथि जग्गा हुन आवश्यक छ । चालु आवमा तीन स्थानको चक्लबान्दीका लागि रु ३० लाख बजेट विनियोजन भएको र तिहारपछि चक्लाबन्दी कार्यक्रमको छनोट गरिने छ ।

**जोन कार्यक्रमले बाख्रा र आलु उत्पादनमा वृद्धि**

बागलुङमा प्रधानमन्त्री कृषि परियोजनामार्फत सञ्चालन भएको आलु र बाख्रा जोन कार्यक्रमले उत्पादनमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७५/७६ देखि आलु र आव २०७८/७९ देखि बाख्रा जोन सञ्चालन हुँदै आएको छ । उच्च पहाडी क्षेत्रमा आलु र बाख्रापालनको सभावना तथा प्रशस्त चरन क्षेत्र भएको ठाउँमा बाख्रा जोन क्षेत्र बनाएर उत्पादनमा वृद्धि भइरहेको छ । प्रधानमन्त्री कृषि परियोजनामार्फत आलु जोन कार्यक्रमले बागलुङका पाँच पालिकाका केही वडालाई समेटिएको छभने बाख्रा जोन कार्यक्रमले तीन पालिकाका केही वडालाई समेटिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिककीरण प्ररियोजनाका निमित्त वरिष्ठ कृषि अधिकृत नाराण पौडेलले आलु जोन कार्यक्रमले १२ प्रतिशत उत्पादनमा वृद्धि गराएको र बाख्रा जोन कार्यक्रमले ५५ प्रतिशत उत्पादनमा वृद्धि भएको बताउनुभयो । आलु र बाख्रा जोन कार्यक्रमले आलु र मासु उत्पादनमा समेत वृद्धि गराउन सफल भएको छ । बागलुङको उच्च पहाडी क्षेत्रमा पाइने आलु निकै स्वादिष्ट भएकाले यहाँको आलुको उत्पादन बढाउन आलु जोन सञ्चालन गरिएको हो ।

ढोरपाटन नगरपालिका, बडिगाड, ताराखोला, गलकोट नपा, निसीखोला गाउँपालिकाको केही वडा समेटेर सञ्चालन गरिएको आलु जोनले आलुको उत्पादनमा १२ प्रतिशले बढाएको तथ्याङ्क छ । ढोरपाटन नगरपालिका, बडिगाड, ताराखोला, गलकोट नपा, निसीखोला गाउँपालिकाको केही वडा समेटेर सञ्चालन गरिएको आलु जोनले आलुको उत्पादनमा १२ प्रतिशले बढाएको तथ्याङ्क छ ।

"बागलुङमा क्रमशः अलैँची जोन, गाई तथा भैँसी जोन र त्यसपछि धान जोनको कार्यक्रम ल्याउने लक्ष्य रहेको छ, चालु आवमा अलैँची जोन बनाउन बजेट विनियोजन गरेका छौँ, जैमिनी नगरपालिका, काठेखोला, ताराखोला र बरेङ गाउँपालिका तथा गलकोट सहित आठ स्थानीय तहलाई समेटेर अलैँची जोन बनाउने तयारी छ", निमित्त प्रमुख पौडेलले भन्नुभयो ।

यस्तै बागलुङ नगरपालिका, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकाका केही वडालाई समेटेर आव २०७८/७९ देखि सुरु भएको बाख्रा जोन कार्यक्रमले मासुको उत्पादनमा ५५ प्रतिशतले वृद्धि गरेको निमित्त प्रमुख पौडेलले जानकारी दिनुभयो । बाख्रा जोन सुरु हुँदा २६ हजार छ सय ७५ बाख्रा रहेकामा हाल बाख्राको ४१ हजार पाँच सय १३ पुगेको छ । आलु जोन बागलुङका पाँच पालिकाको छ सय १० हेक्टर क्षेत्रफलमा फैलएको छ । बाख्रा जोन कार्यक्रमले तीन पालिकाको २९ बाख्रा फार्मलाई समेटिएको छ । जोनअन्तर्गत बीउपुँजी, यन्त्रिककीरण, खोर सुधार तथा बजारीकरणका लागि परियोजनाले सघाउँदै आएको पौडेलको भनाइ छ ।

आलु जोन कार्यक्रममा तीन समूहमार्फत सञ्चालन भइरहेको छ भने बाख्रा जोन कार्यक्रम २६ निजी उद्यमी, दुई सहकारी र एक समूहले सञ्चालन गर्दै आएको छ । आलु र बाख्रा जोन प्रभावकारी बन्दै गएपछि बागलुङ र पर्वतका केही पालिकालाई समेटेर अलैँची जोन बनाउन थालिएको छ । अलैँची जोन बनाउन चालु आवमा रु एक करोड दुई लाख बजेट विनियोजन भएको छ । त्यसका लागि घुम्ती तालिम, अलैँचीको समस्या निदान, क्षेत्रफल विस्तार, यन्त्र उपकरण वितरण, सिँचाइ पूर्वाधार निर्माण तथा सुधारिएको आधुनिक भट्टी निर्माणको काम यस वर्षदेखि थालिने छ ।रासस

# यस्तो छ विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३३ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ५३ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४८ रुपैयाँ ४९ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ १६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ७० पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ४८ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५८ रुपैयाँ ११ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ ८२ पैसा कायम गरिएको छ ।अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ६५ पैसा र बिक्रीदर ९० रुपैयाँ ०५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ ५५ पैसा र बिक्रीदर ९८ रुपैयाँ ९९ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ०७ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ ५४ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८८ पैसा र बिक्रीदर १८ रुपैयाँ ९६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८५ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९० पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ०१ पैसा र बिक्रीदर चार रुपैयाँ ०३ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ १४ पैसा र बिक्रीदर ३१ रुपैयाँ २९ पैसा, साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ ०८ पैसा र बिक्रीदर १० रुपैयाँ १२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ०६ पैसा र बिक्रीदर १३ रुपैयाँ १२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ९० पैसा र बिक्रीदर १९ रुपैयाँ ९९ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ १७ पैसा र बिक्रीदर १७ रुपैयाँ २५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ९३ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ८९ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ३४ पैसा र बिक्रीदर तीन सय ५५ रुपैयाँ ९३ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# नेप्से परिसूचक ५० अङ्कले घट्यो, कारोबार रकममा सुधार




काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ५० दशमलव ७३ अङ्क अर्थात् एक दशमलव ८८ प्रतिशतले घटेर दुई हजार छ सय ३७ दशमलव ७९ को बिन्दुमा कायम भएको हो ।

लगातार छ कारोबार दिनसम्म घटेको नेप्से परिसूचक गत साता कारोबारको अन्तिम दिन उच्च अङ्कले बढेको थियो । तर बजार सम्हालिन नसक्दा आइतबार पुनः घटेको छ ।

आइतबार विभिन्न तीन सय २४ कम्पनीका दुई करोड ४८ लाख ४६ हजार सात सय ८२ कित्ता शेयर एक लाख १९ हजार सात सय ३९ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ३३ करोड ९२ लाख ३५ हजार नौ सय ५७ बराबरको कारोबार भएको छ ।

यो कारोबार रकम पछिल्ला सात दिनमा सबैभन्दा उच्च हो । आइतबारको कारोबारपछि वित्त समूह र होटल तथा पर्यटन समूहको उपसूचकमा उच्च गिरावट देखिएको छ ।

वित्त समूह तीन दशमलव ५३ र होटल तथा पर्यटन समूह तीन दशमलव ६८ प्रतिशतले घटेको छ । त्यस्तै, बैंकिङ शून्य दशमलव ९३, विकास बैंक दुई दशमलव ५१, जलविद्युत् एक दशमलव ४८, लगानी दुई दशमलव ८० र जीवन बीमा समूह दुई दशमलव ७४ प्रतिशतले घटेको छ ।

उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७९, लघुवित्त एक दशमलव ८८, म्युचुअल फन्ड एक दशमलव ६१, निर्जीवन बीमा दुई दशमलव १६, व्यापार शून्य दशमलव ९० र अन्य समूह दुई दशमलव २३ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।आइतबार दुई सय १९ कम्पनीको शेयर मूल्य घट्दा २४ वटाको मात्रै बढेको छ । जसमध्ये रिभर फल्स पावर लिमिटेड, हिमालयन हाईड्रोपावर लिमिटेड र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । श्रीस्टार हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै सिईडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु ६४ करोड ३८ लाख ६६ हजार सात सय ८० बराबरको शेयर खरिदबिक्री भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा भने सिङ्गटी हाईड्रो इनर्जी लिमिटेडको नौ लाख ३४ हजार पाँच सय ७८ कित्ता शेयर किनबेच भएको छ ।रासस

# एघार लघुजलविद्युत् आयोजनाका करोडौँका उपकरण प्रयोगविहीन

पर्वत । जिल्लाका विभिन्न दुर्गम भेगका अँध्यारा बस्तीमा उज्यालो पुर्याउने भन्दै लाखौँ रकम लगानी गरेर स्थापना गरिएका लघुजलविद्युत् आयोजना लामो समयदेखि प्रयोगविहीन बनेका छन् ।

विगत साढे दुई दशकभन्दाअघि युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा निर्माण भएका जिल्लाका ११ वटा आयोजना अहिले पूर्ण रूपमा बन्द भएका हुन् । लामो समयदेखि जलविद्युत् आयोजना बन्द हुँदा करोडौँ मूल्यका उपकरण प्रयोगविहीन बनेका छन् ।

सात वर्षअघिसम्म तीनवटा मात्र आयोजना सञ्चालनमा रहेका भए पनि केन्द्रीय प्रसारण लाइनको पहुँच विस्तार भएसँगै ती पनि बन्द भएका हुन् । पछिल्ला केही वर्षयता सामुदायिक विद्युतीकरणमार्फत पर्वतका सबै स्थानीय तहका सबै वडामा केन्द्रीय प्रसारण लाइनको पहुँच विस्तार भएको हो ।

दक्षिण पर्वतको पैँयु गाउँपालिका-६ सरौखोलामा रहेको १२ किलोवाट क्षमताको अगुवाखोला, वडा नं ४ हुवासमा रहेको १२ किलोवाट क्षमताको गेडीखोला, वडा नं. ७ भोर्लेमा रहेको १६ किलोवाट क्षमताको धुँवाकोट, फलेवास नगरपालिका वडा नं ११ पाङराङको साढे सात किलोवाट क्षमताको गढिसिद्ध र ११ किलोवाटको बाच्छाखोला, मोदी गाउँपालिका वडा नं ४ क्याङमा सञ्चालित १६ किलोवाट क्षमताको घट्टेखोला लघुजलविद्युत आयोजना पूर्ण रूपमा बन्द रहेका छन् ।

त्यस्तै विहादी गाउँपलिका-१ बाच्छाखोलामा रहेका १९ र २१ किलोवाटको बाच्छाखोला लघुजलविद्युत् आयोजनामा पनि उत्पादन गर्न छाडेका छन् । मोदी गाउँपालिका-१ भुकताङ्लेमा रहेको २७ किलोवाट क्षमताको ठाडोखोला लघुजलविद्युत्आयोजनापनिसातवर्षअघि आएको पहिरोले पुरिएपछि अलपत्र छ ।

उता महाशिला गाउँपालिका-२ भोक्सिङमा छ किलोवाट क्षमताको छहरेखोला र नौ किलोवाट क्षमताको छर्छरेखोला लघुजलविद्युत् आयोजना पनि पाँच वर्षअघि गाउँमा केन्द्रीय प्रसारण लाइन विस्तार भएपछि त्यत्तिकै थन्किएका छन् । मर्मतको अभाव र थोरै क्षमता हुने भएपछि स्थानीयले मर्मतमा पनि बेवास्ता गरेका हुन् ।

तत्कालीन जिल्ला विकास समिति ऊर्जा शाखाका प्रमुख मञ्जु शिलाकारका अनुसार मर्मतका लागि बजेट अभाव भएको र मर्मत गरेपछि पनि लामो समयसम्म काम गर्न छाडेपछि स्थानीयले मर्मतमा बेवास्ता गरेका हुन् । शिलाकारले गाउँमा उत्पादन गरिएको बिजुली सस्तो भए पनि केन्द्रीय लाइन आएपछि उपभोक्ताबाटै यसप्रति बेवास्ता हुँदै गएको बताउनुभयो । पछिल्लो समय स्थानीय तहहरूले पनि उक्त लघुविद्युत् मर्मतका लागि बजेट विनियोजन गरेका छैनन् । स्थानीयवासीको सक्रियता कम हुँदा केन्द्रीय लाइनसँगै गाउँमा सञ्चालित आयोजना बन्द हुँदै गएको बाच्छाका भीमबहादुर खड्काले बताउनुभयो । जिल्लाका ११ लघुजलविद्युत् आयोजनाबाट एक सय ५६ दशमलव पाँच किलोवाट विद्युत् उत्पादन भएको थियो । त्यसबाट एक हजार चार सय तीन घरका नौ हजार बासिन्दा लाभान्वित भएका थिए ।

"पच्चीस वाट क्षमताको बल्ब महिनाभर चलाएको रु २५ तिरे पुग्थ्यो", तत्कालीन ऊर्जा अधिकृत शिलाकारले भन्नुभयो, "केन्द्रीय लाइनभन्दा लघुजलविद्युत्बाट उत्पादित बिजुली सस्तो भए पनि ग्रामीण बासिन्दाले यसलाई बेवास्ता गर्न थालेका छन् ।"

युएनडिपी, विश्व बैंक र नेपाल सरकारको लगानीमा २०५५ सालदेखि सञ्चालनमा रहेका यी आयोजना अहिले भग्नावशेष बनेका छन् । रासस

# बन्द भए चितवनका इँटा उद्योग

चितवन । गुणस्तरीय इँटा उत्पादन हुँदै आएको यहाँका सबै इँटा उद्योग बन्द भएका छन् । बीस वर्ष अघिसम्म ४४ इँटा उद्योग सञ्चालनमा रहेकामा अहिले सबै उद्योग बन्द भएका हुन् ।

नेपाल इँटा उद्योग महासङ्घका उपाध्यक्ष नारायण सापकोटाका अनुसार क्रमशः संख्या घट्दै गएर अहिले कुनै उद्योग सञ्चालनमा छैनन् । गत साल एउटा उद्योगले एकपटक इँटा उत्पादन गरेको भए पनि यस वर्ष कुनै पनि उद्योग सञ्चालनमा छैनन् । उहाँले भन्नुभयो, "गत वर्षदेखि नै यहाँका उद्योग बन्द भएभन्दा हुन्छ ।" एउटा उद्योगमा चार सय हाराहारी मजदुरले काम पाउने गरेको भन्दै उहाँले हजारौ मजदुरको रोजिरोटी बन्द भएको र करोडौ रुपैयाँ उद्योगले नोक्सान बेहोरेको बताउनुभयो ।

चितवनको इँटा राम्रो इँटाको रुपमा चिनिन्थ्यो । चितवन र छिमेकी जिल्लामा यहाँको इँटा जाने गर्दथ्यो । अहिले यहाँ रौतहट, बारा र महोत्तरीबाट इँटा ल्याएर बिक्री वितरण गरिँदै आएको छ । रासस


## श्री धनुषा जनता (प्रा रा था व्या. शिक्षा) मा. वि.

## धनुषाधाम नगरपालिका, धनुषा

## शिक्षक भर्ना सम्बन्धी सूचना ।

धनुषाधाम नगरपालिका धनुषाको च.नं. २६ र २७ मिति २०८१/०४/१० अनुमति र सिफारिश तथा शिक्षा विकास तथा समन्वय इकाई धनुषाको च.नं. १०८ मिति २०८१/०४/११ को अनुमति एवंम यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/११ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपशिलका शिक्षक पदहरुमा करार सेवामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक एवंम मिति २०८१/०२/२८ गते प्रकाशित विज्ञापनमा परेका पुरानो आवेदनहरुलाई पनि मान्य हुने गरी आजको मितिले १५ दिन थप म्याद भित्र योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

| क्र.स. | विज्ञापन नं. | प्रकार | विषय | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०८०/०८१ | अस्थायी करार | अंग्रेजी | मा.शि.द्वि (MEd/MA) वा सो सरह | १ | शि.वि.तथा स इ. च.नं. १०८ अनुसार |
| २ | ०३/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | मा.शि.द्वि (ME) वा सो सरह | १ | धनुषाधाम न.पा.च.नं. २६ अनुसार |
| ३ | ०४/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | नि.मा.शि.तृ (overseer) वा सो सरह | १ | धनुषाधाम न.पा.च.नं. २६ अनुसार |
| ४ | ०५/२०८०/०८१ | अस्थायी करार | भौतिक विज्ञान | मा.शि.द्वि (MSc Physics) वा सो सरह | १ | धनुषाधाम न.पा.च.नं. २६ अनुसार |
| ५ | ०६/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | मा.शि.तृ (BE) वा सो सरह | १ | धनुषाधाम न.पा.च.नं. २६ अनुसार |

**न्यूनतम शैक्षिक योग्यता**:-

क) मा.शि.द्वि - अंग्रेजीका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट MEd/MA कम्तिमा द्वितीय श्रेणीमा उतिर्ण गरी माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

ख) प्रशिक्षक मा.शि.द्वि - इलेक्ट्रीकल विषमा ME उतिर्ण गरी NEC मा दर्ता भएको र BE उतिर्ण लाई कम्तिमा २ वर्षको कार्य अनुभव भएको ।


**प्रधानाध्यापक**


# दही बिक्री गरेर मनग्य आम्दानी

देउखुरी । टाउकोमा झोलाभित्र राखिएको दहीको भाँडो, एकैनासका भाँडा र गाउँभरका भैँसीपालक किसान दही बिक्री गर्न घोराही आउनलाई बसको प्रतिक्षामा रहेका थिए । करिब १५-१६ जनाको समूह देख्दा लमहीको अर्जनखोलावारि यात्रु प्रतिक्षालयमा बसेका यात्रु चढाउन बस चालकले रोकेनन । ठाउँ छैन अरु बसमा आउनु भन्दै चालक पन्छिए । गाउँका धेरैजसो किसान आफूले उत्पादन गरेको दही बिक्री गर्न घोराही बजार आउँदाको भोगाइ हो यो ।

राजपुर गाउँपालिका-३ खर्दरियाका लक्ष्मण यादव ६० वर्षको हुनुभयो । उहाँ व्यावसायिक रूपमा भैँसीपालन गर्दै आउनुभएको छ । उहाँसँग रहेका २५ भैँसीले दूध दिन्छन । बाबुबाजेले भैँसीपालन गर्दै आउनुभएको थियो । त्यही रेखदेख गर्दागर्दै लक्ष्मण पनि भैँसीपालनलाई निरन्तरता दिँदै आउनुभएको छ । पच्चीस भैँसीले दिएको दूध बिक्री गर्न समस्या हुने गरेको उहाँले बताउनुभयो ।

खर्दरियामा यादव समुदायको झण्डै तीन सय घर छन् । हरेकको घरमा १० देखि २० वटासम्म भैँसी छन् । उत्पादन भएको सबै दूध गाउँमा बिक्री गर्न सम्भव छैन । उहाँहरुले बेलुकाको दूध जम्मा गरेर दही बनाउने र बजारमा बिक्री गर्ने गर्नुभएको छ । "घोराही पुग्नलाई रु एक सय भाडा लाग्छ । दैनिक रु दुई हजारदेखि रु दुई हजार पाँच सयसम्म आम्दानी हुन्छ", यादवले भन्नुभयो । दैनिक २५ लिटरसम्म दही बिक्री हुने र यसबाट मासिक रु ३० हजारसम्म आम्दानी हुने गरेको उहाँ बताउनुहुन्छ ।



यस्तै राजपुर गाउँपालिका-३ खर्दरियाका झाबु यादव ५० वर्षका हुनुभयो । उहाँसँग एक सयवटा दूध दिने भैँसी छन् । राजपुरबाट घोराही, तुलसीपुर, लमहीमा दही बिक्री हुने गरेको छ । भैँसीको दूध-दही बिक्री गरेर उहाँले छोराछोरी पढाउँदै आउनुभएको छ ।

"गाउँमा सबैको घरमा भैँसी छन् । भैँसी नभएकाले पनि सस्तो मूल्यमा किन्न खोज्छन्, त्यसैले गाउँमा दही बिक्री गर्न मन लाग्दैन", यादव भन्नुहुन्छ, "राजपुरबाट दहीको भाँडो बोकेर दैनिक बजारमा आउने गरेका छौँ ।"

गाउँभरिका भैँसीपालक किसान दही बोकेर बिक्री गर्न बजार जाने गरेका छन् । गाउँघरमा प्रतिलिटर रु २०-२५ मा बिक्री हुने दही बजारमा पुर्यायो भने रु एक सयमा बिक्री हुन्छ । यसरी कमाएको पैसाले छोराछोरीको पढाइ खर्च र घर परिवारमा आइपर्ने आर्थिक समस्या पनि समाधान हुने गरेको यादव बताउनुहुन्छ । बिहानको दूध डेरीले लैजान्छन्, बेलुकाको दूध बिक्री गर्ने ठाउँ नहुँदा दही बनाएर बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । दूध राख्नलाई सरकारले डिपफ्रिजको सहयोग गरेमा दूध, दहीबाट आम्दानी गरेर जीविका चलाउन सकिने यादवले बताउनुभयो । दूध ट्र्याक्टरको व्यवस्थापन गरेमा आफूहरूलाई राहत मिल्ने उहाँको धारणा छ ।

व्यावसायिक भैँसीपालनका लागि खरदरिया उपयुक्त स्थान मानिन्छ । रासस

# निर्वाचन समितिको स्वेच्छाचारीले अन्योलता

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल इन्जिनियरिङ एसोसिएसन (एनइए) मधेश प्रदेश तेस्रो कार्यकारिणी समितिको सभापति पदमा मित्र गौरी पण्डितलगायतको प्यानललाई निर्वाचित भएको घोषणा नगरेपछि निर्वाचन समितिमाथि विभिन्न शंका उत्पन्न भएको छ।



नेपाल इन्जिनियरिङ एसोसिएसन (एनइए) मधेश प्रदेशको निर्वाचन समितिका प्रमुख ई.कृष्णचन्द्र साहले वीरगञ्ज र जनकपुरधाममा भएको निर्वाचन मतगणना परिणाम सार्वजनिक नगर्दा निर्वाचित भएको दाबी गरिरहेका उम्मेदवारहरुले निर्वाचन समितिमाथि प्रश्नसमेत तेर्स्याएका छन्।

निर्वाचित भएको दाबी गरेका नेपाल इन्जिनियरिङ एसोसिएसन (एनइए) मधेश प्रदेशका अध्यक्ष गौरी पण्डितले वीरगञ्जको मतगणना स्थलबाट मतभार संख्याको परिणाम आइसकेको र जनकपुरधाममा भएको मतगणनाको परिणामलाई एकै ठाउँमा जोडेर मतपरिणाम सार्वजनिक नगरेर अपारदर्शी ढंगले काम गर्न खोजेको आरोप लगाए।

त्यस्तै सचिव पदका उम्मेदवार अजिकुमार मण्डलले पनि आफूहरु निर्वाचित भइसके पनि मतपरिणाम सार्वजनिक र निर्वाचित भएको प्रमाणपत्र नदिनुले निर्वाचन समितिको गलत नियत देखिएको आरोप लगाए।

निर्वाचन समितिका प्रमुख ई.साहले वीरगञ्ज र जनकपुरधामको मतगणना परिणाम आइसकेकाले सोको परिणाम केन्द्रीय कार्यालयबाट नै सार्वजनिक गरिने जिकिर गरे।

तर उनले घुमाउरो पाराले ई. साहले भने, गौरी पण्डितको मतपरिणाममाथि उजुरी परेकाले अहिले मतपरिणाम सार्वजनिक गर्न कठिनाइ उत्पन्न भएको बताए।

## लोसपा मधेश प्रदेशमा विवाद गहिरियो

# सोनल दलको नेता चुनिए, निलम्बितलाई नै राख्न ठाकुरको दबाब

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेश संसदीय दलको नेतामा जितेन्द्र सोनल चुनिएका छन्। ८ जना सभासद रहेको लोसपा संसदीय दलमा ५ जनाले सोनललाई समर्थन जनाएका छन्। दलको बहुमत सदस्यले नेता चयन गरेपछि मधेश प्रदेश सभाले उनलाई नेताको मान्यता दिएको छ।

तर लोसपाका अध्यक्ष महन्थ ठाकुरले सोनललाई स्पष्टीकरण सोधेका छन् ।दलको बैठक पार्टीको निर्देशन विपरीत गरेकोले ३ दिन भित्र जवाफ पेश गर्न सोनललाइ ठाकुरले निर्देशन दिएका छन्।

यसअघि दलका नेता रहेका अभिराम शर्मालाई ज्यान मुद्दामा अदालतले सजाय गरेपछि प्रदेश सभाले निलम्बन गरिसकेको छ। शर्मा फरार सूचीमा छन्। तर ठाकुरले शर्मालाई नै दलको नेता कायम राख्न प्रदेश सभाका सभामुखलाई पत्राचार गरेका छन्। ज्यान मुद्दामा सजाय पाएर फरार रहेको अवस्थामा प्रदेश सभाबाट समेत निलम्बित सभासदलाई दलको नेता बनाउन ठाकुरले गरेको पत्राचार हास्यास्पद बनेको छ।




जयनुल राइनको अध्यक्षतामा भएको संसदीय दलको बैठकमा सोनल, रमिता प्रधान र रमेश पटेल उपस्थित रहेका थिए ।लोसपाबाट मन्त्री बनेकी रानी शर्मा, उपेन्द्र महतो र रुपा यादव अनुपस्थित थिए।

तर लोसपा नेपालका महासचिव परमेश्वर साहले प्रदेशसभाबाट नै नेता शर्मालाई कानुनी रुपमै हटाएपछि रिक्त पदमा नेता चयन गरिएको स्पष्ट पारे । अध्यक्ष ठाकुरले कुनै व्यक्तिको उक्साहटमा सो विज्ञप्ति जारी गरेको आरोप लगाउँदै महासचिव साहले कानुनी रुपमै प्रदेशसभा सचिवालयले हटाएको ठाउँलाई रिक्त राख्नु नहुने भएकाले सो रिक्त पदपुर्ति गरिएको बताए।

तर लोसपा नेपालकी नेतृ रानी कुमारी तिवारीले मनपर्दी रुपमा विना कुनै जानकारी संसदीय दलको नेता बन्नु गलत रहेको बताइन्। कुर्सीकै लागि मरिहत्ते गरेको आरोप प्रदेशसभा सदस्य जितेन्द्र सोनलमाथि लगाउँदै उनले पार्टीले उनलाई स्पष्टीकरण सोधेको समेत बताइन्।

बारा निर्वाचन क्षेत्रबाट प्रदेशसभामा निर्वाचित सोनल लोसपाका मधेश प्रदेश अध्यक्ष पनि छन्। लामो समयदेखि खाली रहेको लोसपाको मधेश प्रदेश संसदीय दलको नेता सोनल नै रहेको महासचिव साहले दाबी गरे ।दलको नेतालाइ राज्यमन्त्री सरहको सुविधा दिने गरिएको छ।

सोनललाई अध्यक्ष ठाकुरले स्पष्टीकरण सोधेपनि मन्त्री समेत रहेका वरिष्ठ नेता शरतसिंह भण्डारीले समर्थन गरेका छन्। मधेश प्रदेशमा राइन र प्रधान भण्डारीका निकट छन्।

लोसपाले महाधिवेशन गर्ने घोषणा गरेको बेला मधेश प्रदेशमा नै विवाद चुलिएको छ।

# काखे शिशुको मृत्युले भारदहमा तनाव

**टुडे समाचारदाता**

राजविराज । पुर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको हनुमाननगरकंकालिनीनगरपालिका-१ स्थित भारदहमा आइतबार माइक्रो बसको ठक्करबाट एक शिशुको मृत्यु भएपछि तनाव उत्पन्न भएको छ।

बिहान ८ बजेतर्फ भारदहस्थित कंकालिनी मन्दिर नजिकै भएको सो घटनामा डेढ वर्षीय आर्दश अधिकारीको मृत्यु भएपछि तनाव उत्पन्न भएको छ। हजुरआमा अनिता अधिकारी नाती आर्दशलाई लिएर सडक छेउमा उभिरहेका बेला एक्कासी राजविराजबाट विराटनगरतर्फ जाँदै गरेको प्रदेश १-००५-००१ ज ३८६६ नम्बरको माइक्रोले ठक्कर दिएको प्रत्यक्षदर्शीहरुले बताएका छन्।



ठक्करबाट गम्भीर घाइते भएका दुबै जनालाई उद्धार गरी उपचारका लागि बिराटनगर स्थित अस्पताल पुऱ्याइएको थियो। उनको उपचारकै क्रममा बालक आर्दशको मृत्यु भएको तथा हजुरआमा अनिताको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक ढुण्डिराज नेउपानेले जानकारी दिए। घट्नापछि आक्रोशित स्थानीयवासीहरुले विभिन्न चार बुँदे माग अघि सार्दै ५ घण्टा राजमार्ग अवरुद्ध गर्नुका साथै विभिन्न ठाउँमा टायर बालेर प्रर्दशन गरेका थिए।

प्रर्दशनकारीले माइक्रो चालकलाई सवारी ज्यान मुद्दामा कारबाही, मृतकका परिवारलाई क्षतिपूर्ति, माइक्रो सिन्डीकेट खारेजी तथा कंकालिनी भगवती मन्दिर परिसरमा प्रहरी बिट स्थापनालगायतका माग अघि सारेका छन्।

स्थिति असामान्य हुन थालेपछि इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक महेन्द्र नेपाल तथा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक ढुण्डिराज नेउपानेसहितको पुगेको टोलीले पीडित पक्ष तथा माइक्रो संचालक पक्षलाई राखेर छलफल र सहमती गराएपछि अवरुद्ध राजमार्ग पाँच घण्टा पश्चात् सूचारु भएको छ।

ठक्कर दिने माइक्रो र चालक सप्तरीको छिन्नमस्ता गाउँपालिका- ७ का ३२ वर्षीय अब्दुल सतारलाई नियन्त्रणमा लिई सवारी ज्यान मुद्दा अन्तर्गत कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# नेल्टा जनकपुरधामको अध्यक्षमा कर्ण चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेल्टा जनकपुरधामको १५ औं वार्षिक साधारणसभाबाट अमित कुमार कर्ण अध्यक्षमा चयन भएका छन्।

सो समितिको उपाध्यक्षमा अशोक साह, महासचिवमा रामेश्वर मण्डल, सचिवमा शत्रुधन साह, कोषाध्यक्षमा राम कृष्ण मण्डल चयन गरिएको छ।

यसका साथै सदस्यहरुमा रञ्जित कुमार झा, अवधेश कुमार साह, रामसागर साह, सन्तोष कुमार साह, मिथलेश नारायण वर्मा र मनोरमा झा रहेका छन्।

नेल्टाको गठन ईस्वि सम्वत १९९२ मा नेपालमा शिक्षण पेशमा लागेका सम्पूर्ण अङ्ग्रेजी शिक्षकहरुको पेशागत शिप विकासका पक्षलाई अझ सबल, गुणस्तरिय र उतकृष्ट बनाउने उद्देश्यले गठन भएको थियो। साथै अङ्ग्रेजी शिक्षकहरुबिच राम्रो संजाल, सहयोग तथा सहकार्यका लागि एउटा साझा मंच खडा गर्ने उद्देश्य समेत रहेको अध्यक्ष अमितकुमार कर्णले जानकारी दिए।

धनुषामा नेल्टा जनकपुरको स्थापना २०६६ असार १३ गते भएको थियो। सो संस्थाको विभिन्न कार्यकारिणी समितिहरु बन्दै अङ्ग्रेजी शिक्षकहरुलाई लक्षित



गर्दै अनेकन पेशागत कार्यक्रमहरु नियमित गर्दै आइरहेको छ।

आधुनिका युगलाई ख्याल गर्दै डिजिटल प्रविधिलाई समेत अंगाल्दै नेल्टा जनकपुरधामले शिक्षक र विद्यार्थीहरु दुवै जनका लागि २०८१ बैषाख देखि युट् युब लर्न विथ इज संचालनमा ल्याएको छ।

# तिलावे पुलको पिलर भत्किदाँ आवतजावतमा समस्या

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ग्रामीण भेगसँग जोड्ने वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सीमानामा रहेको तिलावे पुल क्षतिग्रस्त हुँदा सर्वसाधारणलाई आवतजावतमा गर्न समस्या भएको छ।

जिल्लामा आएको वर्षाको पानीको बहावले तिलावे पुलको फाउण्डेसनसँगै रहेको पिलरलाई क्षतिग्रस्त बनाएपछि पुल जोखिमयुक्त बनेको छ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोज पटेलले तिलावे पुलको फाउण्डेसनसँगै रहेको स्पान भत्किएसँगै सवारीसाधन चलाउन नमिल्ने अवस्थामा पुगेको बताउनुभयो। "पहिलादेखि नै तिलावे पुल जीर्ण अवस्थामा थियो। अहिले पुलको फाउण्डेसनसँगै रहेको पिलरमा चिरा परेर भत्किने अवस्थामा छ", उन भने, "तिलावे पुलबाट हुने आवतजावतलाई पूर्ण रुपमा रोक लगाइएको छ। सरोकारवाला निकाय सिँचाइ विभाग र सडक विभागलाई पनि मौखिक रुपमा जानकारी गराइसकेका छौं।" प्रमुख पटेलले गण्डक नहरसँगै ५० वर्षअघि यो पुलको संरचना निर्माण गरिएको बताए।

सडक सुधार तथा विकास योजना बाराका प्रमुख विनोद साहले सो खण्डको सडक स्तरोन्नति आफूले गरे पनि पुल निर्माणको जिम्मेवारी भने नरहेको स्पष्ट पारे। "तिलावे पुल भत्किएको विषयमा सडक विभाग मातहतको पुल महाशाखालाई आवश्यक जानकारी गराउने तयारीमा छौँ", उनले भने, "सडक विभागबाट आवश्यक बजेट आएको खण्डमा भत्किएको पुलको निर्माण अघि बढाउनेछौँ।

उनले बाराको सिम्रनगढदेखि पर्सा जिल्लाको



अन्तिम विन्दुसम्म करिब ५९ किलोमिटर सडक स्तरोन्नति अघि बढाएको बताए।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख पटेलले वर्षौदेखिको जीर्ण पुल भएकाले पनि मर्मतसम्भारभन्दा पनि नयाँ पुल निर्माण गर्दा राम्रो हुने बताउँछन्।

# नारायणी अस्पतालको एमआरआई मेसिन सञ्चालन

**टुडे समाचारदाता**

वीरगञ्ज । नारायणीअस्पतालकोएमआरआई मेसिनको सेवा आइतबारदेखि सञ्चालनमा आएको छ। विगत ५ महिनादेखि अवरुद्ध रहेको एमआरआई मेसिन सञ्चालनमा आएको ६ महिना नबित्दै ३० करोड रुपैयाँमा खरिद गरिए पनि एमआरआई मेसिनको सेवा भने अवरुद्ध बनेको थियो। आपूर्तिकर्ता कम्पनीले बाँकी रहेको २० प्रतिशत भुक्तानी नपाएका कारण सफ्टवेयर अपडेट नगर्दा एमआरआई मेसिनमा समस्या उत्पन्न भएको थियो।



सरकारी अस्पतालमा एमआरआई नहुँदा गरिब, विपन्न परिवारका बिरामी बाहिर निजी अस्पतालमा महँगो शुल्क दिई एमआरआई गराउन बाध्य छन्। नारायणी अस्पतालमा ८ हजार रुपैयाँमा हुने एमआरआईका लागि निजीले करिब दोब्बर मुल्य लिने गरका छन्।

सो अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.एनामुल हकका अनुसार आपूर्तिकर्ता कम्पनीलाई बाँकी रहेको भुक्तानी दिएपछि दुई दिन अगाडिमात्र एमआरआई मेसिनको सफ्टवेयर अपडेट भएको थियो।

डा. हकले भने, 'आपूर्तिकर्ता कम्पनीले मेसिन खरिद गरी ल्याएबापतको ५ प्रतिशत कर सरकारलाई तिरेपछि हामीले पनि २० प्रतिशत बाँकी रहेको रकम भुक्तानी गरेका छौं।'

उनले अघि थप्दैं भेन, 'मेसु डा. हकले भने, 'त्यसपछि कम्पनीले सफ्टवेयर अपडेट गऱ्यो। त्यसपछि शुक्रबार मेसिनको परीक्षण गरिएको थियो। आइतबारदेखि सेवा सुचारु गरिएको छ।'

रेडियोलोजी विभागका अनुसार एमआरआई सामान्य अवस्थामा हुँदा दैनिक ८ देखि १० वटा बिरामीको एमआरआई हुने गरेको थियो। २० प्रतिशत रकम डलरको रेट बढेका कारण भुक्तानी गर्न नसकिएको अस्पताल प्रशासनले जनाएको थियो। सो अपुग रकम मन्त्रालयसँग पनि माग गरिएको थियो।

गत असोज १३ मा पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले एमआरआई कक्षको उद्घाटन गरेका थिए। आन्तरिक परीक्षण र विशेषज्ञ टोलीहरुले विशेष तालिम लिएपछि एमआरआई मेसिन भित्रिएको ८ महिनापछि गत कात्तिक दोस्रो सातादेखि सञ्चालनमा आएको थियो। जडान हुनुअघि पनि ३० करोड लागतको एमआरआई मेसिन अस्पताल परिसरमा करिब साढे दुई महिना अलपत्र अवस्थामा थन्क्याइएको थियो। त्यसबेला मेसिन आपूर्तिकर्ता लुम्बिनी हेल्थ केयर प्रालिले मेसिनमा प्रयोग हुने हिलियम ग्यास अभावको कारण देखाउँदा मेसिन जडानमा ढिलाई गरेको थियो। सो जडान भएपछि पनि अस्पतालमा जेनेरेटरको अभावका कारण मेसिन ६ महिनासम्म सञ्चालनमा आउन सकेन।

७२ च्यानल, ३ टेस्ला एमआरआई मेसिनबाट अस्पतालमा सेवा सुरु भएको जनाएको थियो।

# हरिवनका वडा अध्यक्षले खोसे मेयर र उपमेयरको गाडी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाले बजेट नल्याएको भन्दै वडा अध्यक्षहरूले मेयर तथा उपमेयर चढ्ने गाडीको साँचो नियन्त्रणमा लिई प्रमुख प्रशासकीय अधिकृतको जिम्मा लगाएका छन्।

बजेटको माग गर्दै ११ वटै वडाका वडा अध्यक्षहरूले आइतबार मेयर रमेश बुढाथोकी चढ्ने प्रदेश-२-०३-००१ झ-००२० नम्बरको स्कार्पियो तथा उपमेयर हरिमाया घलान चढ्ने ना१झ १५७१ नम्बरको सुमो नियन्त्रणमा लिई साँचो प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र सापकोटालाई बुझाएका छन्। बजेटको छिनोफानो नहुन्जेल साँचो नदिने अडान वडा अध्यक्षहरूको छ।

नगर सभा उद्घाटन भएको डेढ महिना वितिसक्दा पनि आन्तरिक द्वन्द्वका कारण ०८१/०८२ को बजेट आउन सकेको छैन। हरिवनको बजेट तथा योजनामा वडा अध्यक्ष र मेयरबीच विवाद देखिएको छ। वडा



अध्यक्षहरूले शिक्षा, स्वास्थ्य, कृषिलगायतको क्षेत्रमा एकमुष्ट ठोस योजनाको माग गरेका छन्।

उनीहरूले मेयर बुढाथोकीले टुक्रे योजना राख्न खोज्दा विवाद उत्पन्न भएको बताए। हरिवन-३ का वडा अध्यक्ष दीपमान लोप्चनले मेयरले एकलौटी रूपमा अघि बढ्न खोज्दा बजेटमा कुरा मिल्न नसकेको जनाए। उनले बजेट नआउँदा सामाजिक सुरक्षा भत्ता, कर्मचारी तलब, प्रशासनिक खर्चसहित योजनाको काम अघि बढ्न नसकेको बताए।

हरिवन-१० का वडा अध्यक्ष शम्भु मैनालीले समयमा बजेट ल्याउन चासो नदिने तर विभिन्न कार्यक्रममा गाडीको प्रयोग गर्ने गरेकाले गाडी नियन्त्रणमा लिई साँचो प्रमुख प्रशासकीय अधिकृतको जिम्मा लगाइएको बताए।

उनले भने, 'बजेट नल्याई विभिन्न कार्यक्रममा पुग्नका लागि नगरपालिकाको सरकारी गाडी प्रयोग गर्न पाइँदैन, त्यही भएर हामीले गाडी नियन्त्रणमा लिएर साँचो अधिकृतको जिम्मा लगाएका छौँ।'

वडा अध्यक्षहरूले बजेटका लागि वार्ता र संवादका हरेक ढोका खुला रहेको समेत बताए।

मेयर बुढाथोकीले जारी विवाद मिलाएर बजेट ल्याउने प्रयास भइरहेको बताए। उनले गाडी नियन्त्रणमा लिदा पनि आफूलाई फरक नपर्ने बताए।

# कुहिएका वस्तु व्यवस्थापनमै ५५ लाख खर्च हुने

**टुडे समाचारदाता**

वीरगञ्ज । कुहिएको मालवस्तु व्यवस्थापन समयमा नगर्दा सोको व्यवस्थापनमा ५५ लाख रुपैयाँ खर्च लाग्ने भएको छ।

आयातकर्ताले नलगेर सिर्सिया सुक्खा बन्दरगाहस्थित भन्सार कार्यालयले ३ सय ४ वटा यस्ता कन्टेनर लिलाम प्रक्रियामा लगेपनि २ सय १७ कन्टेनरमा कुहिएका वस्तु लिलाम नभएपछि सो वस्तुको व्यवस्थापन गर्नु पर्ने भएकाले अनुमानित ५५ लाख रुपैयाँ रकम लाग्ने जनाएको छ।

भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले २ सय १७ कन्टेनरमा कम्तीमा २/२ टनको दरले ४३ लाख ४० हजार किलो वस्तु व्यवस्थापन गर्नु पर्ने बताए।

उनले भने, 'वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहसंग तीन चरणमा भएको छलफलपछि महानगर प्रतिकिलो १ रुपैयाँ २५ पैसाको दरले बन्दरगाह परिसरमा रहेका कुहिएका वस्तु आफ्नो ल्यान्डफिल साइटमा लग्न तयार भएको छ,' उनले अघि थप्दैं भने, 'अब भन्सार विभागसँग आवश्यक समन्वय गरेर त्यति बजेट माग्ने प्रयास भइरहेको छ, विभागबाट स्वीकृत भएपछि व्यवस्थापन प्रक्रिया सुरु गरिने छ।'




उनले बन्दरगाह परिसरमा आफ्नै जग्गामा विभिन्न वस्तु गाड्न सम्भव नरहेको र त्यति गर्न पनि ३ देखि ४ करोड रुपैयाँ खर्च लाग्ने भएकाले वीरगञ्ज महानगरपालिकाको कार्यालयसंग समन्वय गरी ल्यान्डफिल साइटमा व्यवस्थापनको सहज बाटो खोजिएको बताए।

लामो समयदेखि बन्दरगाहको दक्षिण भागमा थन्किएका २ सय १७ कन्टेनरमा दाल, छोकडा लगायतका वस्तु बढी रहेका छन्। दुई सयभन्दा बढी कन्टेनरमा रहेका अफसेट मेशिन, अटो पार्टस्, कम्प्युटर पार्टस, मासको दाल, मुसुरोको दाल, सुपारी, पोस्तादाना आदि गरी करिब २० करोड रुपैयाँ बराबरको मालवस्तु लिलाम भई उक्त रकम राजश्व समेत दाखिला भइसकेको छ।

तीन महिनादेखि कार्यालयले पटक-पटक सूचना प्रकाशित गरी सो वस्तु लिलामी प्रक्रियामा लगेको जनाएको छ। कुहिएर लिलाम नभई बाँकी रहेका वस्तुलाई व्यवस्थापन गर्न भने समस्या भएको छ। कोरोनाकाल अघि कतिपय आयातकर्ताले तेश्रो मुलुकबाट आयात गरेका मालवस्तु कोरोनाकालमा बन्दरगाहमा आएर थन्किएपछि उनीहरुमध्ये अधिकांशले जाँचपास गराइ लगेनन्।

सोमध्ये बढीजसो दाल, अन्न, सुपारी, पोस्तादाना आदि कुहिने प्रकृतिका वस्तु थिए। आयातकर्तानै करिब ५ वर्ष कन्टेनर लग्न नआएपछि अन्ततः बन्दरगाह भन्सार कार्यालयले ती कन्टेनर लिलामी प्रक्रियामा लगेको छ।

कन्टेनरमा रहेका सो वस्तुमध्ये काम लाग्ने र नलाग्ने वस्तु छुट्याइए पनि जफत भने नगरिएको भन्दै सोको व्यवस्थापन प्रक्रिया थाल्न प्राविधिक जटिलता हुने भएकाले अब जफतको प्रक्रिया पनि सुरु गरिने बरुवालले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८